मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com
Madheshdristi National Daily



बिद्यालयको शिलान्यास
पृष्ठ ३ मा

वर्ष १ | अंक ८० | २०७९ साल माघ १४ गते शनिबार | Saturday 28, Jan. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## प्रदेश सरकारका दुई मन्त्रीले गरे पदभार ग्रहण





मधेशदृष्टि
जनकपुरधाम, १३ माघ । मधेस प्रदेश सरकारका नवनियुक्त दुई मन्त्रीहरुले पदभार ग्रहण गरेका छन् ।

बिहिबार जिम्मेवारी सहितको पत्र प्राप्त गरेपछि शुक्रबार बिहान नवनियुक्त मन्त्रीहरु भौतिक पुर्वाधार विकास मन्त्री सरोज यादव र भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्री बसन्त कुशवाहाले शपथ ग्रहणको दुई सातापछि शुक्रवार पदभार ग्रहण गरेका हुन् ।

भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी पाएका नेकपा एमालेबाट मन्त्री यादवले मधेस लोकमार्गलाई प्राथमिकतामा राखेर कार्य अगाडी बढाउने प्रतिवद्धता व्यक्त गरेका छन् ।

उनले पदभार ग्रहण गर्दै मधेसको विकासका लागि हरेका जिल्ला तथा पालिकालाई सडक सञ्जालसँग जोड्नका लागि मधेसको गौरव आयोजनाको रुपमा मधेस लोकमार्गलाई प्राथमिकतामा राखेर काम गर्ने बताए । यसका साथै पछिल्लो सरकारको समयमा भएका कामहरुको समिक्षाका साथै बाँकी योजनाहरुको विषयमा योजना बनाएर काम गर्ने भने ।

शुक्रबार बिहानै जनमत पार्टीका मन्त्री वसन्त कुशवाहाले पनि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको पदभार ग्रहण गर्दै किसानको समस्या समाधानलाई प्राथमिकतामा राखेर आफूले काम गर्ने बताए । किसान आन्दोलन जनमत पार्टीले गरेको स्मरण गर्दै उनीहरुको समस्या समाधान आफूहरुको प्राथमिकतामा रहेको मन्त्री कुशवाहाले बताए । यसका लागि मधेस प्रदेशमा किसान कार्ड लागु गर्ने योजना रहेको उनले बताए ।

उनले भने, 'म काम गर्ने व्यक्ति हुँ । हुनसक्छ कार्यालय समयमा मैले कसैको फोन पनि उठाउन सक्दिन । तर, जनतालाई जनमत पार्टीले गरेको प्रतिवद्धता पुरा

- बाँकी पृष्ठ ६ मा

### आफूसँग विश्वासघात भयो

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी पाएका मन्त्री कुशवाहाले सहमति अनुसार आफूले पाउने मन्त्रालय परिवर्तन गरी अर्को मन्त्रालयको जिम्मेवारी दिए मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासघात गरेको प्रतिक्रिया दिएका छन् ।

मन्त्री कुशवाहाले भने मुख्यमन्त्री यादवले दलहरुको संयुक्त छलफलबाट तीनैजना विनाविभागीय मन्त्रीलाई मन्त्रालय बाँडफाँड गरेर त्यसको तयारीमा रहेको अवस्थामा मन्त्रालयको विषयमा औपचारिक पत्रमा आफूले अलग मन्त्रालयको जिम्मेवारी पाउनु दुर्भाग्यपूर्ण छ ।

उनले भने, 'छलफलबाट मैले सामाजिक विकास मन्त्रालय पाउने सहमति भइसकेको थियो । सोहि अनुरुप त्यसको अध्ययन र भावी रणनीतिका लागि तयारी पनि गरिसकेको थिएँ । तर, दुई सातापछि मलाई अलग्गै मन्त्रालय दिइएर आफूसँग विश्वासघाट गरियो ।'

विश्वासघात भएपनि यो मन्त्रालय स्वीकार गरी किन पदभार गर्नुभो भन्ने सञ्चारकर्मीहरुको जिज्ञासामा उनले भने हाम्रो पार्टीले सहमति अनुसार सामाजिक र कृषि दुई पाउने थियो । पहिलो चरणमा सामाजिक विकास मन्त्रालय दिने सत्ता साझेदार दलबीच सहमति भएको थियो । तर सहमति विपरित पहिलो चरणमै कृषि मन्त्रालय दिइयो । जनमतले कृषि मन्त्रालय पनि मागेकोले आफूले यो मन्त्रालय स्विकार गरेको उनले बताए ।

उनले भने आफूहरुको सामाजिक विकास मन्त्रालयप्रतिको दाबी अहिले पनि जारी नै रहेको र नदिएको खण्डमा सरकारमा रहने या नरहने कुरा पार्टीले छलफल गर्ने उनले बताए ।

## उपप्रधान तथा गृहमन्त्री लामिछानेको सांसद् पद खारेज

मधेशदृष्टि
बीरगंज, १३ माघ । सर्वोच्च अदालतको संवैधानिक इजलासले उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले नेपाली नागरिकता कायम नगरेको ठहर गर्दै सांसद् पद खारेज गरिदिएको छ ।

नागरिता अवैध ठहर भएसँगै उनको सांसद् र उपप्रधान तथा गृहमन्त्री पद पनि खारेज हुन जाने भएको छ । कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की नेतृत्वमा न्यायाधीशहरू विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वर खतिवडा, आनन्दमोहन भट्टराई र अनिल सिन्हा संलग्न संवैधानिक इजलासले शुक्रबार उनीविरुद्ध परेको मुद्दाको फैसला गर्दै शुक्रवार साँझ लामिछानेको नागरिकता कायम नहुने ठहर गरेको हो ।




सर्वोच्च अदालतको फैसला आए लगतै गृहमन्त्री लामिछानेले आफ्ना राजीनामा बुझाएका छन् । उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड समक्ष राजीनामा बुझाएका हुन ।

गृहमन्त्री रवि लामिछाने गत मंसिर ४ मा सम्पन्न निर्वाचनमा चितवन-२ बाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवार बन्दा उनीसँग नेपाली नागरिकता नभएको भन्दै उनको उम्मेदवारी नै खारेजी गर्न माग गर्दै अधिवक्ताहरू रविराज बसौला र युवराज पौडेलले रिट दायर गरेका थिए । रिटमाथि सुनुवाई गर्दै सर्वोच्च अदालतको संवैधानिक इजलासले पुस ६ मा कारण देखाऊ आदेश जारी गरेको थियो । साथै, अन्तरिम आदेशमार्फत् लामिछानेलाई सांसद्का रूपमा कामकाजमा रोक लगाउन माग गरिएको सन्दर्भमा पुस २२ गते शुक्रबार दुवै पक्षलाई छलफलका लागि बोलाएको

- बाँकी पृष्ठ ६ मा

### के छ कानूनी व्यवस्था

नागरिकता ऐन (दफा १०.१) ले कुनै व्यक्तिले विदेशको नागरिकता प्राप्त गरेपछि उसको नेपाली नागरिकता कायम नरहने व्यवस्था गरेको छ भने सोही ऐनको (दफा १०.२) मा नेपाली नागरिकता त्याग गर्ने सूचना दिनुपर्ने र त्यसरी त्याग सूचना दर्ता भएको मितिदेखि सम्बन्धित व्यक्तिको नेपाली नागरिकता कायम नरहने व्यवस्था छ। साथै ऐनको दफा ११ मा 'कुनै नेपाली नागरिकले विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि पुनः नेपालमा आई बसोबास गरेको र विदेशी मुलुकको नागरिकता त्यागेको निस्सा तोकिएको अधिकारीलाई दिएमा त्यस्तो निस्सा दर्ता भएको मितिदेखि निजको नेपाली नागरिकता पुनः कायम हुने' व्यवस्था छ। लामिछानेका कानुन व्यवसायीले २०७५ असार ६ अध्यागमन विभागमा लामिछानेले आफूले अमेरिकी नागरिकता त्यागेको भन्दै दिएको जानकारीलाई नै 'पुनः नेपाली नागरिकता प्राप्त गर्नका लागि विदेशी मुलुकको नागरिकता त्यागेको निस्सा तोकिएको अधिकारीलाई दिएको' अर्थ्याएका थिए । तर, रिट निवेदकहरूले भने एक पटक नागरिकता कायम नभएपछि पुनः नेपाली नागरिकता प्राप्त गर्नका लागि नागरिकता नियमावलीको नियम ११ को प्रक्रिया पूरा हुनुपर्ने र लामिछानेले त्यस्तो प्रक्रिया पूरा नगरेको दाबी गरेका थिए ।

### लामिछानेलाई पक्राउ गर्ने बाटो खुला

सर्वोच्च अदालतको फैसलापछि उपप्रधान तथा गृहमन्त्रीक रवि लामिछानेको सांसद पद खोसिएपछि राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई पक्राउ गरी अनुसन्धान गर्ने बाटो खुला भएको छ ।

नागरिकता विवाद प्रकरणमा लामिछानेको नागरिकता अमान्य घोषित भएसँगै उनलाई पक्राउ गर्ने बाटो खुला भएको हो । शुक्रबार सर्वोच्च अदालतको संवैधानिक इजलासले रवि लामिछानेले प्रयोगमा ल्याएको नागरिकता खारेज भइसकेको नागरिकता रहेको ठहर गर्दै उक्त नागरिकतालाई अमान्य घोषित गरिदिएको थियो ।

जिल्ला प्रहरी परिसर काठमाडौंले दोहोरो नागरिकताको प्रयोगको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय काठमाडौं, अध्यागमन विभाग र नेपालस्थित अमेरिकी दूतावासबाट समेत सो सम्बन्धमा बुझ्ने काम गरिरहेको छ । लामिछानेले दोहोरो नागरिकता र पासपोर्ट लिएको कुरा यस अघि नै बाहिर आइसकेको छ। लामिछानेले ५ मार्च २०१४ मा अमेरिकी

- बाँकी पृष्ठ ६ मा

### म अनागरिक हो : लामिछाने



सांसद पद गुमाएका रवि लामिछानेले सर्वोच्च अदालतको फैसलालाई स्वागत गर्ने बताएका छन् ।

सर्वोच्चले सांसद पद खारेज भएको फैसला सुनाउँदा लामिछाने गृह मन्त्रालयमै पुगेका थिए । मन्त्रालयबाट बाहिरिने क्रममा संचारकर्मीसँगको जिज्ञासामा उनले भनेका छन्, अदालतको फैसलालाई स्वागत गर्छु, स्वीकार गर्छु ।'

अब के गर्नुहुन्छ भन्ने प्रश्नमा उनले भने, म अनागरिक छु ।

अनागरिक भएपछि कुनै प्रश्नको जवाफ मसँग छैन ।' अब परिवर्तनको लागि खोलिएको रावस्वपाको के हुन्छ भन्ने जिज्ञासामा म अनागरिक भएपछि अध्यक्ष पद पनि मेरो गएको यसमा म केही भन्न सक्दैन ।

### लामिछानेका समर्थकहरुद्वारा प्रदर्शन

उपप्रधान तथा गृहमन्त्रीको सांसद खारेज गरेको सर्वोच्च अदालतको फैसला विरुद्ध उनका समर्थकहरूले सर्वोच्च अदालत अगाडि प्रदर्शन गरेका छन् । सर्वोच्च अदालतले शुक्रबार गरेको फैसलासँगै लामिछानेले उपप्रधान तथा गृहमन्त्री, गृहमन्त्री र सांसद पद गुमाएका छन् । अदालतको फैसलाको विरुद्धमा लामिछानेका समर्थकहरूले नाराबाजीसहित प्रदर्शन गरेपछि प्रहरीले प्रदर्शनकारीलाई पक्राउ गरेको छ ।


## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झ्याल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

मिथिला नगरपालिका
धनुषा, मधेश प्रदेश


## सूचना नदिने अधिकृतलाई १५ हजार जरिवाना

मधेशदृष्टि
जनकपुरधाम, १३ माघ । सिराहाको सिराहा नगरपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत बलिराम यादवलाई नागरिकले माग गरेको सूचना उपलब्ध नगराउने आरोपमा जरिवाना गरिएको छ ।

राष्ट्रिय सूचना आयोगले प्रमुख प्रशासकीय अधिकृतलाई १५ हजार रुपैयाँ जरिवाना गरेको हो । सिराहा नगरपालिका-७ निवासी परशुराम साहले सिराहा नगरपालिका कार्यालयसँग सूचना माग गरेका थिए । तर सूचना नपाएपछि २३ जेठ २०७९ मा कार्यालय प्रमुखविरुद्ध राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गरेका थिए ।

त्यसयता सूचना उपलब्ध गराउन पटक-पटक राष्ट्रिय सूचना आयोगबाट भएको आदेशलाई बेवास्ता गरेको भन्दै प्रशासकीय अधिकृत यादवलाई कारबाही गरिएको आयोगका प्रवक्ता रत्नप्रसाद मैनालीले जानकारी दिए ।'कार्यालय प्रमुखलाई पटक-पटक सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को दफा (१) बमोजिम कारबाही हुने व्यहोराबाट सजग गराउँदा, चेतावनी दिंदा पनि आफ्नो जिम्मेवारी पालनामा पूर्णतः गैरजिम्मेवार देखिएका छन्,'आयोगले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ।

'संविधान प्रदत्त र कानूनले व्यवस्था गरेको सूचनाको हकको ठाडो उल्लङ्घन गर्ने सिराहा नगरपालिकाको कार्यालय, सिरहाका कार्यालय प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, बलिराम यादवलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम रु १५,०००/- जरिवाना हुने आयोगको २०७९ साल माघ १२ गते बसेको इजलाशले आदेश गरेको छ ।' सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ३ मा हरेक सरकारी तथा सार्वजनिक नियकाबाट सार्वजनिक महत्वको सूचना पाउने प्रत्येक नेपाली नागरिकको मौलिक हक रहेको उल्लेख छ । तर मधेश प्रदेशम प्रदेशका मुख्यमन्त्री कार्यालय लगायत कुनै पनि सार्वजनिक निकायमा नागरिकलाई सहज रुपमा सूचना उपलब्ध नगराउने प्रवृति बढेको छ ।



# संघीयता विरुद्ध बोल्ने मन्त्रीलाई बर्खास्त गर्न माग



मधेशदृष्टि
काठमाडौँ, १३ माघ । संघीयता र गणतन्त्रविरुद्ध बोल्ने मन्त्रीहरुलाई बर्खास्त गर्न नेकपा माओवादी केन्द्रका नेताहरुले माग गरेका छन् ।
शुक्रबार बसेको पार्टी स्थायी कमिटी बैठकमा नेताहरुले संघीयताविरुद्ध बोल्ने मन्त्रीहरुलाई बर्खास्त गर्न पार्टी अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग माग गरेका हुन् । मन्त्रीहरु अहिलेको व्यवस्था बचाउनतर्फ लाग्नुपर्नेमा उल्दै व्यवस्थाविरुद्ध उभिनु गम्भीर रहेको भन्दै बैठकमा नेताहरुले आवाज उठाएको नेता मातृका यादवले जानकारी दिए ।
उनका अनुसार बैठकमा आधा दर्जन हाराहारीका नेताहरुले केही मन्त्रीहरुको अभिव्यक्ति आपत्तिजनक रहेकाले तत्काल बर्खास्त गर्न प्रधानमन्त्रीलाई दबाब दिएका थिए । राप्रपाका अध्यक्ष समेत रहेका उपप्रधान एवम् ऊर्जामन्त्री राजेन्द्र लिङ्देन र कानुनमन्त्री ध्रुवबहादुर प्रधानले संघीयताविरुद्ध अभिव्यक्ति दिएको सार्वजनिक भइसकेको छ ।
उनीहरुमाथि स्पष्टीकरण सोध्ने प्रधानमन्त्री प्रचण्डले बताएपनि कार्यान्वयन भने गरेका छैनन् । मंगलबारको राष्ट्रियसभा बैठकमा बोल्दै प्रधानमन्त्री प्रचण्डले अहिलेको सरकारमा बसेर संघीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशीताका विषयमा विरोध गर्ने छुट कसैमा नभएको बताएका थिए । सरकारमै सहभागी मन्त्रीले एकपछि अर्को गरी व्यवस्थाविरुद्ध लाग्दा प्रधानमन्त्री चुप बस्न नहुने भन्दै माओवादीको बैठकमा नेताहरुले कारबाही गर्न दबाब दिएका छन् ।

# अमलेखगञ्ज पाइपलाईनको दोश्रो चरणको काम शुरु

मधेशदृष्टि
बीरगंज, १३ माघ । नेपाल-भारत अन्तरदेशीय पेट्रोलियम पाइपलाइन परियोजना अन्तर्गत दोस्रो चरणको काम पनि तीव्ररुपमा अघि बढेको छ ।
नेपाल आयल निगम मधेशप्रादेशिक कार्यालय अन्तर्गत बाराको अमलेखगञ्जस्थित डिपोमा पेट्रोल ट्याङ्क, ट्रान्समिक्स ट्याङ्कलगायत संरचना दोश्रो चरणमा निर्माण कार्य थालिएको हो ।
अमलेखगञ्जस्थित कार्यालयमा सञ्चारकर्मीसँग अन्तक्रिया गर्दै कार्यालयका प्रमुख प्रदीपकुमार यादवले आवश्यक सबै तयारी पूरा गरी निर्माण कार्य अघि बढाइएको बताए ।
उक्त योजना अन्तर्गत चार हजार एक सय किलोलिटर क्षमताका दुई पेट्रोल ट्याङ्क, २५० किलोलिटर क्षमताका दुई ट्रान्समिक्स ट्याङ्क, पेट्रोल ढुवानीका लागि २४ पूर्ण स्वचालित लोडिङ वे (रिफिलर), पम्प हाउस र प्रयोगशाला निर्माण गरिने जनाइएको छ ।
त्यस्तै, फायर फाइटिङ सिस्टमको स्तरोन्नति, पानी र तेल छुट्याउने ओडब्ल्युएस सिस्टम तथा पिएमसीसी कक्ष निर्माण समेत यही योजना अन्तर्गत निर्माण हुनेछ । लिखिता इन्फास्ट्रक्चर प्रालिलाई एक वर्षभित्रमा निर्माण सम्पन्न गर्ने गरी सबै पूर्वाधार निर्माणको ठेक्का दिइएको जनाइएको छ ।
उक्त योजनाका लागि नेपाल आयल निगम र भारतीय आयल कर्पोरेसनबीच संयुक्त रुपमा लगानी गर्ने गरी सम्झौता भएको हो । सो अन्तर्गत दुई पेट्रोल ट्याङ्कमध्ये निगम र आइओसीले एक/एक ट्याङ्कको लागत बेहोर्नेछन् ।
त्यस्तै, पेट्रोल र डिजेल दुवै हुनसक्ने मिश्रित इन्धन राख्नका लागि दुई ट्रान्समिक्स ट्याङ्क र डिपोभित्रको सुरक्षाका लागि तीन हजार किलोलिटर क्षमताको फायरवाटर ट्याङ्क भारतीय पक्षले निर्माण गर्नेछ ।
आइओसीले करिब ७५ करोड भारतीय रुपैयाँ खर्च हुने अनुमान गरिएको कार्यालय प्रमुख यादवले जानकारी दिए ।
निगमले एउटा पेट्रोल ट्याङ्क, २४ रिफिलर, प्रयोगशाला, फायरफाइटिङ



सिस्टम, ओडब्ल्युएस र पीएमसीसी कक्षको निर्माण गर्नेछ । यो समेत गरी निगमको एक अर्ब ५४ करोड भारतीय रुपैयाँ बराबरको खर्च हुने अनुमान रहेको उनले बताए ।
यो आयोजना यही वर्षको डिसेम्बरसम्म निर्माण सम्पन्न भई अङ्ग्रेजी नयाँ वर्षदेखि सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ भने २०७६ भदौदेखि डिजेल मात्रै आयात भइरहेको पाइपलाइनबाट पेट्रोल समेत आयात सुरु हुनेछ ।
एउटै पाइपलाइनबाट पेट्रोल र मट्टितेल आयात गर्न सम्भव भए पनि भण्डारण गर्ने क्षमता नहुँदा अहिले ट्याङ्करबाटै पेट्रोलियम पदार्थ ल्याउनुपर्ने बाध्यता थियो । आयोजना निर्माण सम्पन्न भएपछि पेट्रोल, डिजेल र मट्टितेल गरी तीनवटै पदार्थको आयात पाइपलाइनबाटै हुने बताइएको छ ।

# लागू औषध सहित चार पक्राउ

मधेशदृष्टि
जनकपुरधाम, माघ १३ गते जनकपुरधामबाट लागूऔषधसहित । धनुषा प्रहरीले चार जनालाई पक्राउ गरेको छ ।
प्रतिबन्धित एक्सप्लोन नामक ४९३ बोतल लागूऔषधसहित उनीहरुलाई जनकपुरधामस्थित पीडारीचोकबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।
पक्राउ पर्नेहरुमा जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिएका छन् । त्यस्तै ज.६प.१७८ नम्बरको मोटरसाइकल चालक जनकपुरधाम उपमहानगरपालिका- ४ बस्ने ३२ वर्षीय दीपककुमार पूर्वेलाई समेत पक्राउ गरिएको उनले जनाए । जुटको बोरामा १० वटा कार्टुनमा राखेर अटोमा पीडारीचोकदेखि उत्तरतर्फ गइरहेको क्रममा गोप्य



प्रदेश २-०२-००१ स.०३५६ नम्बरका अटो चालक धनुषाको नगराइन नगरपालिका-७ का २२ वर्षीय दिलसाद नदाफ, सोही ठाउँ बस्ने ज ११ प.४४४६ नम्बरको मोटरसाइकल चालक २२ वर्षीय भरोसी यादव र सोही मोटरसाइकलमा सवार २१ वर्षीय इसराइन नदाफ रहेको सूचनाको आधारमा चेकजाँच गर्दा एक्सप्लोन नामक प्रतिबन्धित लागुऔषध ४९३ बोतल बरामद भएको डिएसपी क्षेत्रीले बताए ।
उनीहरुले प्रयोग गरेको अटोरिक्सा र मोटरसाइकलहरु समेत नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको जनाइएको छ ।

# फरार दुई अभियुक्त पक्राउ



मधेशदृष्टि
जनकपुरधाम, १३ माघ । धनुषा प्रहरीले अपहरण तथा शरीर बन्धक मुद्दामा अदालतबाट कैद र जरिवाना तोकिएर फरार रहेका दुई जना अभियुक्तलाई पक्राउ गरेको छ ।पक्राउ पर्नेमा धनुषाको कमला नगरपालिका ८ बस्ने ३६ वर्षीय शिवकुमार महरा र ४५ वर्षीय नागेश्वरी यादव रहेको धनुषा प्रहरीले जनाएको छ । महरालाई शहीदनगर नगरपालिका वडा नम्बर २ चोराकोयलपुरबाट र यादवलाई कमला नगरपालिका ८ टेढामोडबाट पक्राउ गरिएको प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिए । दुबैलाई धनुषा जिल्ला अदालतले अपहरण तथा शरीर बन्धक मुद्दामा रु ५० हजार जरिवाना र ९ वर्ष कैदको सजाय सुनाएको थियो ।

# पेस्तोल सहित एक युवक पक्राउ

मधेशदृष्टि
जनकपुरधाम, १३ माघ ।
प्रहरीले धनुषाबाट पेस्तोलसहित एक युवकलाई पक्राउ गरेको छ ।
पक्राउ पर्नेमा धनुषाको मिथिला नगरपालिका वडा नम्बर-७ बस्ने २८ वर्षीय रौशन महतो रहेको मधेस प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।
इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटेको टोलीले मिथिला नगरपालिका-२ नकटाझिझ चौकस्थित शंकाको आधारमा महतोलाई चेकजाँच गर्दा माउजर पेस्तोल १ थान, गोली २ राउण्ड लोड गरिएको र १ थान म्याग्जीन बरामद भएको प्रवक्ता प्रहरी उपरीक्षक सुमन कुमार तिम्सिनाले जनाएको छ ।
पक्राउ परेका महतोलाई जिल्ला प्रहरी कार्यालय धनुषामा बुझाई थप अनुसन्धान भइरहेको मधेस प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

# बिन्दबासिनी गाउँपालिकामा प्रयोगशाला निर्माण हुने

मधेशदृष्टि
बीरगंज, १३ माघ । पर्साको बिन्दबासिनी गाउँपालिकामा सुबिधा सम्पन्न प्रयोगशाला निर्माण हुने भएको छ ।
मधेस प्रदेशको सामाजिक विकास शाखा अन्तर्गत प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामलेबिन्दबासिनी गाउँपालीकामा रहेका स्वास्थ्यचौकीमा प्रयोगशाला स्थापनाको लागि गाउँपालिकालाई ६० लाख बराबरको ल्याब सम्बन्धि स्वास्थ सामाग्री र उपकरणहरु उपलब्ध गराएको छ । गाउँपालिकाका अध्यक्ष प्रमोद तिवारीको पहलमा गाउँपालिकामा सुबिधा सम्पन्न प्रयोगशाला निर्माणका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशालाले आवश्यक सामाग्री र उपकरणहरु उपलब्ध गराएको प्रमुख प्रशाकिय अधिकृत राजु साहले जानकारी दिएका छन् ।



प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधाम बाट सामाग्री बुझ्न बिन्दबासिनी गाउँपालीकाका अध्यक्ष तिवारीको नेतृत्वमा प्रमुख प्राशाकिय अधिकृत राजु साह, गाउँपालिकाका स्वास्थ्य प्रमुख नरेश चौहान , कृषि शाखा प्रमुख रवीन्द्रनाथ तिवारी लगायतको टोलि प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधाम पुगेर स्वास्थ सामाग्री र उपकरणहरु बुझेका हुन् ।

# मुख्य न्यायधिवक्तामा ठाकुर नियुक्त हुने

मधेशदृष्टि
जनकपुरधाम, माघ १३ गते । मधेस प्रदेशको मुख्य न्यायधिवक्तामा अधिवक्ता विरेन्द्र ठाकुर नियुक्त हुने भएको छ ।
प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुख हरिशंकर मिश्रले संविधानको धारा १६० बमोजिम ठाकुरलाई आइतबार मुख्य न्यायाधिवक्ता नियुक्त गर्ने जनाइएको छ ।
सिरहा निवासी ठाकुरले आइतबार बिहान पद तथा गोपनीयताको शपथ लिने कार्यक्रम तय गरिएको प्रदेश प्रमुखको कार्यालयका निमित्त कार्यालय प्रमुख शत्रुधन यादवले जानकारी दिए ।
प्रदेश सरकारको कानुनी सल्लाहकार मानिने मुख्य न्यायाधिवक्ताको वरियता उच्च अदालतको न्यायाधीश सरह हुन्छ ।


## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

मिथिलाविहारी नगरपालिका
धनुषा, मधेश प्रदेश


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१, | ५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
हिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ । मालसामान हराउन सक्छ । ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथिको आगमन पनि हुन सक्छ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
ाज शुभारम्भको चर्चा चल्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । भ्रमणको योग पनि छ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग पनि छ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ । पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । रमाइलो यात्राको सम्भावना पनि रहेको छ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज भाग्यले विभिन्न अवसर जुराउनेछ । घरमा अतिथिको आगमन हुनेछ । महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज समय मध्यम खालको छ । आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन । सोचेजतिका कामहरूमा विघ्नबाधा आउनसक्छ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
ठीक समयमा सही निर्णय लिन सकिनेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा पनि हुनेछ ।

# सांसद साहले गरे बिद्यालय भवन शिलान्यास



आरके श्रीवास्तव
गरूडा,१३ माघ।

रौतहट जिल्लाको देवाही गोनाही नगरपालिकामा एकै दुई बिधालय भवन शिलान्यास तथा स्वास्थ्य संस्था समुदघाटन गरिएको छ । शुक्रवार एक कार्यक्रमका बिच आम जनता पार्टी का केन्द्रीय अध्यक्ष एवम् रौतहट निर्वाचन क्षेत्र नम्बर ३ का नव निर्वाचित प्रतिनिधि सभा सदस्य प्रभु साहले शिलान्यास गरेका छन।

नगरपालिकाको वडा नम्बर १ करूनिया स्थित रहेको श्री जनप्रिय प्राविमा एक सामुदायिक बिधालयको भौतिक संरचना सुधार गर्न शिलान्यास गरिएको छ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत परेको २२ लाख ५० हजार रुपैयाँको लागतमा निर्माण गरिने भवनको शुक्रबार एक कार्यक्रमका बीच शिलान्यास गरिएको देवाही गोनाही नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सिकिन्द्र साहले जानकारी गराएका छन।

भवन निर्माण भएपछि विद्यार्थीहरुको कक्षाकोठाको अभावमा केही समाधान हुने प्रधानाध्यापक जगदिश प्रसाद साहले बताए।

सो अवसरमा भूपू वडा अध्यक्ष एवम् वि.व्य.स.का अध्यक्ष शेख कदिर लगायत स्थानीयहरूको सहभागीता रहेको थियो।

त्यस्तै सोही वडामा रहेको श्री प्राथमिक बिधालयमा निर्माण हुने ४ कोठे भवनको पनि पूर्व मन्त्री साहले शिलान्यास गर्नु भएको प्रधानाध्यापक कपिल देव ठाकुरले बताए।

सो भवन शहरी विकास बाट समपुरक अनुदान स्वरूप १ करोड १ लाख २४ हजार ६१८ मा यसै आ.व. मा सम्पन्न गर्ने गरि सावन बिलडर्स जनकपुर १५ ले ठेक्का सकार गरेको देवाही गोनाही नपाका योजना शाखा प्रमुख मुकेश पटेलले जानकारी गराएका हुन्।

त्यसैगरी करूनियामा नै आधार भूत स्वास्थ्य चौकीको समुदघाटन गरिएको छ । एक कार्यक्रमका बिच पूर्व मन्त्री साहले उदघाटन गर्नु भएको हो।

सशर्त अनुदान र पुजिगत बाट ३० लाख १२ हजारको लागत निर्माण पश्चात् उदघाटन गरिएको योजना शाखा प्रमुख पटेलले जानकारी गराए।

सो अवसरमा पूर्व प्रदेश सभा सदस्य कुन्दन कुशवाहा,पूर्व मेयर धर्मेन्द्र पटेल, वडा अध्यक्ष सफिरा खातुन लगायतका व्यक्तिहरूको उपस्थिति रहेको थियो।

# चुरोट खरिद गरेको आरोपमा वडाध्यक्ष कानु प्रहरी नियन्त्रणमा

मधेशदृष्टि, वीरगञ्ज १३ माघ ।

बाराको कलैया उपमहानगरपालिका वडा नं. ३ का वडा अध्यक्ष मोहन साह कानुलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

कलैयाको गोदामबाट चोरी भएको चुरोट खरिद गरेको आरोपमा प्रहरीले उनलाई सोधपुछका लागि नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय वाराका प्रवक्ता एवं डिएसपी राजेश थापाले जानकारी दिएका छन । प्रहरीका अनुसार कलैयामा गणेश साहले सञ्चालन गरेको गोदामको ताल्चा फोडेर २ कार्टुन चुरोट चोरी भएको थियो । एक कार्टुन चुरोटको मुल्य एक लाख जति पर्ने दावी गोदाम सञ्चालकको छ। चोरीमा संलग्न रहेको आरोपमा पक्राउ परेका व्यक्तिले चुरोट वडा अध्यक्षले खरिद गरेको भनेपछि उनलाई सोधपुछका लागि बोलाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ। प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले वडा अध्यक्षलाई चोरी भएको चुरोट खरिद गरेको आरोप लागेपछि सोधपुछका लागि बोलाएको जानकारी दिए ।

# ऐन विपरित रहेको नियुक्ति खारेजीको माग सहित रिट दायर

मधेशदृष्टि, वीरगञ्ज १३ माघ।

शिक्षा ऐन विपरित शिक्षकको नियुक्ती गरिएको भन्दै नियुक्तीको खारेजीको मागसहित पर्सागढी नगरपालिका वडा नम्बर ५ निवासी सुरेन्द्र ओझाले उच्च अदालत वीरगंजमा रिट दायर गरेका छन् । पर्सागढी नगरपालिकामा रहेको नेपाल राष्ट्रिय माध्यामिक विद्यालय बहुअर्वा, पचरुखीमा शिक्षक राख्ने विषयमा विद्यालय व्यवस्थापन समितिसहित विद्यालयका प्रधानाध्यापक रामाशिष प्रसाद यादव, व्यवस्थापन समितिका अध्यक्ष नितेश मिश्रा, पर्सागढी नगरपालिकाका नगर प्रमुख गोकर्ण पाठकलगायत ६ जना विरुद्ध ओझाले शुक्रवार रिट दायर गरेका छन।

विद्यालयमा शिक्षक आवश्यक परेकाले नियुक्त गर्नुपर्ने स्वभाविक प्रकिया भएपनि बिना विज्ञापन करारमा २ जना शिक्षक नियक्ती गरिनु शिक्षा ऐन विपरित भएको भन्दै गैरकानुनी रुपमा गरिएको शिक्षक नियुक्ती खारेज गर्न माग गरिएको छ । त्यसैगरी रिटमा विद्यालय व्यवस्थापन समिति समेत शिक्ष नियामली २०४९ को नियम २९ विपरित गरिएको हुँदा यसलाई समेत रद्द गर्न माग गरिएको छ

# गरूडाको जयनगरमा फर्निचर मेला सुरु



आरके श्रीवास्तव
गरूडा,१३ माघ । रौतहट जिल्लाको मध्य भाग गरूडाको जयनगरमा फर्निचर मेला सुरू भएको छ।

नगरपालिकाको वडा नम्बर १ जयनगरमा काठको फर्निचरको मेला शुरु भएको हो। अन्य वर्ष झै यस वर्ष पनि मेलामा धेरै संख्यामा फर्निचर बिक्रीका लागि ल्याइएको छ।

फर्निचर मेलामा पलङ, डाइनिङ सेट, कुर्सी, खाट,ब्रेन्च, ढोका, टेबल, ड्रेसिङ टेबल, झ्याल, दराज लगायत घरायसी प्रयोजनको अधिकांश काठका फर्निचरहरू मेलामा ल्याइएको छ। मेलामा रौतहट सहित पडोसी जिल्ला बारा, सर्लाहीका व्यापारीहरूले पनि मेलामा फर्निचर बिक्रीका लागि ल्याएका छन्।

देशमै ठूलो फर्निचर मेलाको रूपमा रहेको जयनगर फर्निचर मेला करीब एक महीनासम्म लाग्ने गरेको सो वडाका वडा अध्यक्ष शेख बहाबले जानकारी गराएका हुन्। सयौं व्यापारीहरू सहभागी हुने मेलामा करोडौंको कारोबार हुने गरेको छ। प्रत्येक वर्ष फर्निचर मेलामा व्यापार व्यवसाय बढ्दै जाँदा फर्निचर व्यवसायी पनि निकै उत्साहित हुँदै गएका हुन्।

मधेस प्रदेशकै शानको रुपमा रहेको फर्निचर मेला जयनगरमा चलिरहेको छ। प्रत्येक वर्ष श्रीपञ्चमीदेखि विभिन्न फर्निचरहरुको प्रदर्शनी र मेला लाग्दै आएको छ।

# रक्षामन्त्री उप्रेतीलाइ गृहजिल्लामा भव्य स्वागत



घनश्याम बलम्पाकी
सर्लाही १३ माघ। हरिवन उधोग बाणिज्य संघ र ट्रक व्यवसायी संघ सर्लाहीले रक्षामन्त्री हरिप्रसाद उप्रेतीलाइ शुक्रबार हरिवनमा संयुक्त रुपमा भव्य स्वागत र सम्मान गरेको छ। सर्लाही क्षेत्र नं.३ नेकपा एमालेबाट निर्वाचित भई वर्तमान सरकारमा रक्षामन्त्री बनेका उप्रेतीलाइ गृह जिल्ला सर्लाहीमा सम्मान तथा स्वागत गरेको हो।

उनलाइ नेकपा एमाले सर्लाही क्षेत्र नम्बर ३ ले पनि एक कार्यक्रम गरी सम्मान गरेको छ। उप्रेती जिल्ला आए संगै बिभिन्न संघ संस्थाले सम्मान तथा स्वागत कार्यक्रमको आयोजना गरेको छ। रक्षामन्त्री भएपछि पहिलो पटक गृह जिल्ला सर्लाही आएका उप्रेती गत बुधबारदेखि यहीँ छन्। उनले शुक्रवार दिउँसो हरिवनमा जिल्ला स्थित कार्यालय प्रमुखहरुसँग बिफ्रिङ लिएको र निर्देशन दिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए।

मन्त्री उप्रेती काठमाडौँ-तराई द्रुतमार्गको निरीक्षण गरी सेनाको एमआई-१७ हेलिकप्टरमार्फत वुधबार गृह गाउँ बरहथवास्थित हीरापुरमा अवतरण गरेका थिए। उप्रेती एमाले नेता समेत हुन्। बरहथवा नगरपालिका १५ पिप्राभित्ता निवासी मन्त्री उप्रेती शनिवार काठमाडौँ फर्किने कार्यक्रम रहेको छ।

# पुरानो बक्यौता भुक्तानी नगरी अन्नपुर्णले उखु क्रसिङ सुरु गर्यो



घनश्याम बलम्पाकी
सर्लाही १३ माघ।

सर्लाहीको धनकौलस्थित अन्नपूर्ण चिनी उद्योगले उखु क्रसिङ सुरु गरेको छ।

बेलैमा किसानबाट किनेको उखुको पैसा तिर्न नसक्दा बद्नामी कमाएको उद्योगले माघ मध्यतिर आएर उखु पेल्न सुरु गरेको हो। यो उद्योग नियमित संचालन हुनै सकिरहेको छैन्।

गत साल उद्योगले थोरै उखु क्रसिङ गरेर बन्द भएको थियो। धनकौल चिनी मिलबाट अझै पनि आफूहरुले पुरानो भुक्तानी नै लिन बाँकी रहेको किसानले गुनासो गरेका छन्।

धनकौलकै उखु किसान रामकल्याण यादवले उद्योगसँग आफूले मात्रै ५ लाखजति लिन बाँकी नै रहेको गुनासो गरे। अन्य किसानले पनि पोहोर/परार सालनै उद्योगलाई बेचेको उखुको पैसा भुक्तानी पाएका छैनन्।

भुक्तानी माग्न जाँदा उद्योगले भोली-भोली भन्दै आलटाल गरिरहेको उखु किसानले गुनासो छ्। जिल्लामा रहेका इन्दुशंकर चिनी उद्योग हरिवन र महालक्ष्मी चिनी उद्योग बगदह गोडैताले भने करिव १ महिनाअघि देखि नै उखु क्रसिङ सुरु गरेको छ।

# सिँचाइ उपकरण र कृषियन्त्र वितरण गर्दै कृषि ज्ञान केन्द्र

जनकपुकपुरधाम, १३ माघ

कृषि ज्ञान केन्द्र धनुषाले साना सिँचाइ प्रवर्द्धन र कृषिको व्यवसायीकरणका लागि बर्सेनि लाखौं रुपैयाँ लागतका सिँचाइ उपकरण तथा कृषियन्त्र वितरण गर्दै आएको छ। केन्द्रका प्रमुख शङ्करप्रसाद साहले सिँचाइ सुविधा नपुगेका क्षेत्रमा सुविधा पुऱ्याउन र कृषक तथा कृषि मजदुरलाई उपकरण र कृषियन्त्र वितरण गरिँदै आएको जानकारी दिए। चालु आर्थिक वर्षमा करिब रु ८० लाख बराबरका साना सिँचाइ उपकरण र सोही रकम बराबरका कृषियन्त्र उपलब्ध गराइने बताए । गत कात्तिकमा जारी सूचनाका आधारमा स्थानीय कृषक, कृषि समूह, कृषि सहकारी संस्था र कृषि उद्यमीबाट प्राप्त प्रस्तावअनुसार एक सय २५ जनालाई सिँचाइ मेसिन र उपकरण वितरण गर्न लागिएको उनले जानकारी दिए।

साना किसान तथा कृषक समूहलाई प्रोत्साहन गर्ने गरी ८० प्रतिशतसम्मको अनुदानमा सिँचाइ उपकरण सहयोग गर्न लागेका छौँ, साहले भने , यसअन्तर्गत स्यालो टयुबेल, मोटर पम्पसेट जडान तथा इनार निर्माणजस्ता कार्य हुनेछन् । उनले यसअघि सहयोग नपाएका अधिकांश किसानलाई छनोट गरेर सहयोग गर्न लागिएको उनको भनाइ छ।

त्यसैगरी कृषक तथा कृषि मजदुरलाई लक्षित गरी कृषि गतिविधि र कृषिखेतीमा प्रयोग हुने उपकरण प्रदान गर्ने तयारी भइरहेको कृषि ज्ञान केन्द्रका कृषि अधिकृत प्रदीपकुमार यादवले जानकारी दिए । कृषियन्त्र सहयोगका लागि सार्वजनिक सूचना जारी गरी यही माघ २४ गतेसम्म प्रस्ताव सङ्कलन कार्य हुने उनले बताए । कार्यालय प्रमुख साहले पनि यसरी उपलब्ध हुने उपकरणले किसानलाई कृषिको आधुनिकीकरणमार्फत व्यवसाय अभिवृद्धि र स्वरोजगार वृद्धिमा सघाउ पुग्ने अपेक्षा छ। अहिलेसम्म सहयोग नपाएका कृषकलाई प्राथमिकतामा राखी कृषि गतिविधि र कृषिकार्यमा प्रयोग हुने मिनीटिलर, पावर टिलरलगायत उपकरण ७५ प्रतिशतसम्म अनुदानमा उपलब्ध गराइने भएको छ। एक लाख १९ हजार हेक्टर भू-उपयोग क्षेत्रफल रहेको धनुषामा ७६ हजार पाँच सय ३१ हेक्टर खेतीयोग्य जमिन छ । त्यसमध्ये ३५ हजार एक सय २८ हेक्टर सिञ्चित जमिन छ। बाँकी क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले यहाँ हरेक वर्ष कृषि ज्ञान केन्द्रलगायत निकायले उपकरण र कृषिको आधुनिकीकरण गरी व्यवसायीकरणका लागि कृषियन्त्र उपलब्ध गराउँदै आएका छन्। हामीले हरेक वर्ष लाखौंका कृषियन्त्र तथा उपकरण उपलब्ध गराउँदै आएका छौँ, तर त्यसको उपयोगिता के भइरहेको छ ? वास्तविक किसानले लाभ पाइरहेका छन् कि छैनन् भनेर हेर्नुपर्ने आवश्यकता छ, साहले भने ,हाम्रो अनुगमन संयन्त्रका अलवा स्थानीय समूह तथा सरोकारवालाले पनि गम्भीर चासो र निगरानी गर्नुपर्ने जरुरी छ। रासस

# ठगी मुद्दामा न्यायधिशद्वयको राय बाझिएपछि तेश्रो न्यायधिशको माग

मधेशदृष्टि
जनकपुरधाम, १३ माघ। ठगी आरोपमा पुर्पक्षमा थुनामा रहेका सुरेश यादवको मुद्दामा उच्च अदालतको राय बांझिएको छ।

जिल्ला अदालत धनुषाबाट ठगी मुद्दामा आरोप पुर्पक्षका लागि थुनामा रहेका यादवको उच्च अदालतका न्यायधिश भोजराज अधिकारी र डालकुमार खड्काको राय बांझिएपछि तेश्रो न्यायधिश समक्ष पेश गर्नु फैसला गरिएको छ।

मुद्दाको बहसपछि २०७९ पुस २८ गते फैसलमा न्यायधिश घिमिरेले प्रतिवादी र जाहेरवाला बीच लेनदेनको कारोबार भएको देखिएको र ऋणको रकम तिरे बुझाएको भएतापनि प्रतिवादीले तमसुक फिर्ता नगरेको जाहेरीमा उल्लेख भएतापनि तिरे बुझाएको कुनै प्रमाण मिसिल सामेल भएको नदेखिएको, प्रतिवादीले दाबी गरे अनुरुप ऋणको भन्दा ३/४ दोब्बरसम्म बढीको कागज बनाई ठगी गरेको भन्ने कुरा लिखतमा नदेखिएको समेतको मिसिल संलग्न प्रमाणको आधारमा प्रतिवादीलाई थुनामा नै राखि मुद्दाको पुर्पक्ष गर्ने गरी जिल्ला अदालतबाट भएको फैसला बेरित देखिदा बदर गरिएको भनेको थियो।

जिल्ला अदालतको फैसला बदर संगै प्रतिवादी उपर वास्तविक रकम भन्दा बढीको तमसुक कागज बनाएको र प्रतिवादीको घरबाट ४६ थान तमसुक बरामद भएको प्रमाणको आधारमा २५ लाख रुपैया धरौटी लिई जमानत वा बैंक ग्यारेन्टीमा मुद्दाको पुर्पक्षको तारेखमा राख्नु धरौटी रकम दिन नसके मुद्दाको पुर्पक्ष गर्नु भनी आदेश पनि दिएको थियो।

सोही मुद्दामा अर्का न्यायधिश खड्काले न्यायधिश घिमिरेको रायमा असहमति जनाउँदै किटानी जाहेरीको अनुसन्धानको क्रममा निवेदक प्रतिवादीको घरबाट ४६ थान कपाली तमसुक एवं पोखरी ठेक्का सम्बन्धी कागजातहरु पाइन्छ।

लेनने गर्ने कारोबारलाई कानूनले मान्यता दिएपनि एकै व्यक्ति धनी भई विभिन्न व्यक्तिहरुलाई एकै समयमा ऋण लगानी गर्ने व्योहराले गैरन्यायिक लाभ लिएको भन्ने कुरा प्रतिवादीबाट घरबाट बरामद कागजहरुबाट पुष्टि हुन्छ।

जाहेरवाला मध्येका सुरेखिया यादवसँग निवेदकसँग जग्गा सम्बन्धी मुद्दामा प्रतिवादीले जग्गाको रकम नदिई लिन खाजेकाले रष्ट्रिशन लिखतको टोकन रद्द गरी जग्गाधनी दर्ता प्रमाणपत्र रसिद र सिफारिस समेत फिर्ता पाउं भनी निज सुरेखियाले मालपोत कार्यालयमा दिएको निवेदनले प्रतिवादीले गर्ने लेनदेनको कारोबारहरु स्वच्छ तवरबाट गरेको देखिदैन । निवेदक प्रतिवादीले अनुसन्धान र अदालतको बयानमा समेत जाहेरवालाहरुको बीचमा लेनदेन कारोबार रहेको तथ्यलाई स्वीकार गरेको, जाहेरवालाहरुले निवेदकको बीचमा कारोबार भएको भन्ने कुरा तमसुक बरामद भएको पछि जाहेरवाला शिवशंकर साहले अनुसन्धानकै क्रममा निवेदन साथ थप प्रमाण पेश गरेको आधारमा तमसुकको अन्तिममा मुलधनमा माथि लेखिएभन्दा कम अंक उल्लेख भएबाट निवेदनकले गर्ने कारोबार स्वच्छ नभएको देखिंदा जिल्ला अदालतबाट भएको आदेश बेरित नदेखिदा परिर्वन गर्न परेन।

न्यायधिश घिमिरेको रायसँग म सहमत हुन नसकेको हुँदा उच्च अदालत नियमावली २०७३ को नियम १२ बमोजिम निर्णणर्थ तेश्रो न्यायधिश समक्ष पेश गर्नु उनले भनेको छ। यी दुवै न्यायधिशको राय बांझिएपछि तेश्रो न्यायधिशका लागि अर्को पेशी तोकिएको छ।

धनुषाको धनुषाधाम ५ नौ सय विग्घा निवासी सुरेश यादवलाई ऋणीहरुले रकम चुक्ता गरेपनि तिनीहरुको तमसुक र रकम वापत धरौटी लिएका जग्गा फिर्ता नगरी उल्टै २४ जना ऋणीहरु विरुद्ध जिल्ला अदालतमा ठगीको मुद्दा दायर दायर गरेको थियो। सो मुद्दाको विरुद्धमा ३२ जना ऋणीहरुले जाहेरी दिएका थिए। यी मुद्दामा जिल्ला अदालत धनुषाले प्रतिवादी यादवलाई २०७९ साउन २२ गते पुर्पक्षमा राखि अनुसन्धान गर्ने आदेश गरेको थियो। जिल्ला अदालतको फैसलामा चित नबुझेपछि यादवले उच्च अदालतमा नेपाल सरकारलाई विपक्षी बनाई मुद्दा दायर गरेको थियो। सोही मुद्दामा न्यायधिशद्वय घिमिरे र खड्काको राय बाझिएको छ।

# कमला नदी जोखिम न्यूनीकरणमा जोड

मधेशदृष्टि
जनकपुरधाम, १३ माघ। बढदै गएको कमला नदीको जोखिम न्यूनीकरण कार्य तिव्र रुपमा अघि बढाउनुपर्ने र बाढी पुर्व सूचना प्रणाली तत्काल कार्यान्वयन गर्नुपर्नेमा वक्ताहरुले जोड दिएका छन्।



शुक्रवार जनकपुरधाममा सामुदायिक विकास पैरवी मंच बर्दिबास र कमला बचाउ अभियानको संयुक्त आयोजनामा भएको जोखिम मूल्यांकन र समुदायमा आधारित बाढी पुर्व प्रणालीका लागि कमला नदी क्षेत्रमा सम्भाव्यता अध्ययन बारे सरोकारवालाहरुसंगको छलफल गोष्ठीमा यस्तो जोड दिइएको हो । कार्यक्रममा विशिष्ट अतिथि जिल्ला समन्वय समितिका अध्यक्ष राजनन्दन मण्डलले कमला नदीलाई तत्काल नियन्त्रण गर्न नसकिए जोखिम दिनानुदिन बढदै जानेछ । कमला नदी नियन्त्रणका लागि पंचायतकाल देखि नै धेरै योजनाहरु अघि ल्याइयो तर आजसम्म कार्यान्वयन हुन नसकेको कागजमा समिति हुन गएको गुनासो गरे।

उनले पंचायतकालमै सुनकोशीबाट पानी ल्याएर कमला नदी छेउमा डाईभर्सन बनाएर सुखायाममा सिचाईका लागि पानीको प्रयोग गर्ने योजना ल्याइएको थियो। तर कता हरायो आजसम्म पुरा हुन सकेको छैन। त्यस्तै विशिष्ट अतिथि कमला नगरपालिकाका मेयर विशेश्वर यादवले कमला नदीमा पुर्वतर्फ भारतीय सहयोगमा तटबन्ध निर्माण भएपनि त्यसमा वृक्षारोपन हुन नसक्दा दिर्घकालिन हुन सकेको बताउँदै पछिल्लो पटक गरिएको निर्णय तटबन्धलाई ग्रीन बनाउने योजना तत्काल कार्यान्वयनमा ल्याउनुपर्ने माग गरे। उनले भने बाढी आउनुपूर्व पुर्व सूचना प्रणाली नहुँदा बढी जोखिम हुने गरेकाले तत्काल यसको व्यवस्थापन सरकारले गर्नुपर्छ। यसका साथै उनले चुरे संरक्षण नहुँदा र लोकमार्गको नाममा गरिएको चुरे विनाशले कमला नदीमा बाढीको समस्या बढेको भने।

कार्यक्रममा गणेशमान चारनाथ नगरपालिकाका मेयर जीतनारायण यादवले कमला नदी सँगै चारनाथ खोलाले समेत हाम्रो नगरपालिकाका विभिन्न वडामा जोखिममा रहेको छ । कमला नदी र चारनाथ खोलाको संगम स्थल नजिक रहेका तटबन्ध र पुल निकै जोखिम अवस्था रहेको छ यसलाई समयमा व्यवस्थापन नगरे ठूलो धनजनको क्षति हुन जानेछ।

उनले कमला नदी र चारनाथ खोलाको कारण गणेशमान चारनाथ नगरपालिकाको वडा नम्बर ५ देखि ९ सम्म ५ वटा वडा जोखिम अवस्थामा रहेको छ। उनले नदी खोलाको अवैध उत्खन्नले गर्दा पनि नदी खोलामा बाढीको जोखिम बढेको भन्दै प्रहरी प्रशासनलाई प्रभावमा पारेर ११ बजेराति पछि क्रसर उद्योगीहरुले उत्खन्न गर्ने गरेकाले यसलाई तत्काल रोक्नुपर्ने भने।

कमला बचाउ अभियानका संयोजक बिक्रम यादव बोल्दै सामुदायिक पैरवी मञ्चले गरेको कार्यक्रमको सराहना गर्दै कमलालाई बचाउनु पर्छ यसलाई संरक्षण गर्नु हाम्रो कर्तव्य रहेको बताए। कमला जलाधारलाई संरक्षण भएन भने मानव सभ्यताको बिकास नदी नाला त्यही किनार बाट भएको उनले थपे।

मंचका अध्यक्ष नागदेवको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा प्रमुख अतिथिमा जिल्ला प्रशासन कार्यालय धनुषाका निमित्त प्र.जि.अ अनुज भण्डारी, कमला नदीका डिइ बिष्णुदेव यादव लगायतका वक्ताहरुले पनि आ आफ्ना धारणा राखेका थिए।

निबन्ध

# स्रष्टा के हो ? र द्रष्टा के हो ?



– विनयकुमार शर्मा नेपाल

कहिलेकाहीँ सोच उब्जन्छ। उब्जिएको सबै सोचलाई म विचारमा परिणत गर्न सक्तिनँ। किन सक्तिनँ ? उत्तर मसँग छैन वा दिन चाहन्नँ। हुन त म, मान्छेले पाएका ज्ञान, भोगेका अनुभव, देखेका नौरङ्गी जीवन मर्दा सँगै लिएर जानुहुन्न भन्ने सिद्धान्तमा अडिग छु। सबै कुरा यहीँबाट लिएको हो यहीँ दिन किन कन्जुसी ? तर दिन पनि समय, परिस्थिति र पात्र त हुनैपर्ने रहेछ। हुन त यो पनि सत्य हो स्रष्टा वा द्रष्टालाई आफ्नो सोच, भाव वा विचार दिन समय, परिस्थिति र विशेष विषयवस्तुको विशेष आवश्यकता पर्दैन।

स्रष्टाप्रति ममा उठेको सद्भाव र द्रष्टाप्रति ममा उठेको सद्भाव केले तौलने ? कुनै यन्त्र मसँग छैन। छ भने मात्र मन, आत्मा र शरीर अर्थात स्थूल र सूक्ष्म वा वस्तु र भाव। जे ठान्नोस तपाईंको ठम्याइलाई अहिले म तर्क वितर्क गरेर अतिमा डुबिहाल्न चाहन्न वा सक्तिनँ किनभने 'अति नै खती' भन्ने उखानको कारण नै त होला बुद्धले समेत छ भन्ने पनि अति र छैन भन्ने पनि अति, छ कि छैन भनी प्रश्न गर्ने चाहिँ खोजक भनेका हुन। तपाईं बुद्धको यस कुरोलाई स्रष्टा भाव मान्नोस वा द्रष्टा भाव म भने स्रष्टा र द्रष्टा दुवै भावको समिश्रण नै मान्दछु।

जुनसुकै वस्तु वा भावको सीमा-परिभाषा मेरो बुझाइभन्दा अनगिन्ती धेरै वा अनगिन्ती थोरै वा अझै विलकुल फरक पनि हुनसक्छ वा ट्वाक्क मिल्न पनि सक्छ तर मैले होस तपाईंले होस वा अर्काले त्यति नै दिने हो जति मान्छेसँग छ वा जति ऊ दिन वा पोख्न उपयुक्त ठान्दछ।

यहाँ अनगिन्ती उदाहरण उद्धरण गरेर तपाईंलाई निद्रा लगाउने मेरो विचार पनि छैन र लगाएर फाइदा पनि छैन।

स्रष्टा ठूलो कि द्रष्टा ठूलो ? स्रष्टा महत्वपूर्ण कि द्रष्टा महत्त्वपूर्ण ? वेला वेला पाठकहरुमा यो विचार तरङ्गिन्छ। यो विचार तरङ्गिनुमा पनि स्रष्टा र द्रष्टाकै खिचातानीले हुने गर्दछ। कतिपय स्रष्टाहरु द्रष्टालाई फुटेको आँखाले पनि हेर्न चाहँदैनन् किन ? प्रश्न गहन छ। म त भन्छु कुनै मान्छे द्रष्टा भाव नराखी स्रष्टा बन्नै सक्तैन।

आफूले देखेको, सुनेको, भोगेको र पढेको कुरालाई द्रष्टा भाव राखेर, चिन्तन मनन गरेर मात्र खाका कोरिन्छ र त्यो खाका सिर्जना बन्दछ। कोरेको खाका वा फुरेको सिर्जना आफैँमा सर्जकको द्रष्टा भाव हो कि होइन ?यस्तो पूर्ण द्रष्टा भावलाई कुनै स्रष्टाले नकारेर देखाओस न तब म मानौँला कि स्रष्टा द्रष्टाभन्दा ठूलो हो। नत्र सिर्जनाको गुणअवगुणको पारख नहुने वा नगरिने हो भने सिर्जना आफैँमा मृत मान्दछु म किनकि पाठक पनि एक थरी द्रष्टै हुन। आफूलाई विशुद्ध द्रष्टा मान्ने वा तिनले देखाएका द्रष्टा भावभित्र पनि सूक्ष्म वा तरल रुपमा बसेको स्रष्टा भाव देख्छु म।

स्रष्टा वा द्रष्टा दुवै एक सूक्ष्म तलमा पुगेर समाहित भएको तपाईंले देख्न नसके म के गर्न सक्छु ?

केही स्रष्टा द्रष्टालाई आलोचनाका कारणले पटक्कै देखिसहँदैनन् भने कोही स्रष्टा द्रष्टालाई आफ्नो गुण गाउन लगाउने खेतीमा हुरूक्कै हुने गरी कम्मर झुकाएर चाकडी गर्छन। वास्तवमा सच्चा स्रष्टाले आफ्ना रचना आफैले पढ्दा आफूलाई सन्तुष्टि दिन्छ भने कुनै द्रष्टाको गाली र स्तुतिले कुनै फरक पार्दैन किनकि स्रष्टाको सिर्जनाले पहिले आफैलाई आनन्द दिन सक्नुपर्दछ।

निश्चय नै आफूलाई आनन्द दिनसक्ने रचनाले सबैलाई आनन्द दिन्छ। सबै मान्छेको हृदयतलको भावना लगभग उस्तै उस्तै नै हुन्छ। अब तपाईं नै सोच्नोस स्रष्टा ठूलो कि द्रष्टा ठूलो ? सोच्दैमा तपाईंको के जान्छ र ?

प्रायः स्रष्टाहरु द्रष्टा पनि एक किसिमको स्रष्टै हो भनी मान्न चाहँदैनन् भने द्रष्टाहरु चाहिँ स्रष्टाको भित्र पनि एक किसिमको दृष्टि भाव हुन्छ भनी भुलून सक्दैनन। वास्तवमा जसरी द्रष्टा अर्थात साक्षी भाव नराखी कोही स्रष्टा हुन सक्तैन। त्यसै गरी सिर्जनशीलता वा स्रष्टा भावले ओतप्रोत नभएको मान्छे द्रष्टा बन्नै सक्तैन। यो मेरो निर्क्योल हो। चाहे तपाईं मान्नोस या नमान्नोस। यो मेरो विचार हो र विचारको स्वतन्त्रता तपाईंमा पनि छ र ममा पनि छ। मलाई त लाग्छ जो स्रष्टा द्रष्टालाई स्रष्टा वा सर्जकको रुपमा स्वीकार गर्न सक्तैन ऊ द्रष्टादेखि डराउँछ। किन डराउँछ ? कारण धेरै हुन सक्छन जुन बुझ्न गाह्रो पटक्कै छैन। जो स्रष्टा आफ्ना रचनाबाट सन्तुष्ट हुन सक्तैन वा अर्काको तानतुन पारेर स्रष्टा भएको गर्व गर्छ वा लेखिटोपलूनको लागि मात्र लेख्छ, निश्चय नै त्यो भित्रैबाट जानी नजानी द्रष्टासँग भयभित हुन्छ।

सच्चा स्रष्टाले सच्चा द्रष्टाको र सच्चा द्रष्टाले सच्चा स्रष्टाको सधैँ स्वागत गर्छ र सधैँ स्वीकार गर्छ किनकि स्रष्टाको मूल्य, मान्यता, विचार, मत, सिद्धान्त र धारणालाई उपस्थापन र उजागर गरेर जीवन्त पार्ने काम द्रष्टाले मात्र गर्न सक्छ। त्यसैले म स्रष्टा ठूलो कि द्रष्टा ठूलो भन्ने विवाद वा तर्कमा कुनै तुक देख्दिनँ।

मान्छे भित्रैबाट उत्प्रेरित नभई, भावनामा चुर्लुम्म नडुबी न सच्चा स्रष्टा बन्न सक्छ न त सच्चा द्रष्टा। सच्चा द्रष्टाले आफ्नो मत, विचार, सिद्धान्त दृष्टिकोण आदि अर्काको कुरो गर्दागर्दै, अर्काको विचारलाई चिन्तन, मनन-खोतलखातल गर्दागर्दै, अनेक कृति र सिद्धान्तसँग तुलना गर्दागर्दै छताछुल्ल पोखिन सक्छ, त्यो नदेख्नु भनेको श्रोता होस वा पाठक, स्रष्टा होस वा सर्जक तिनको आफ्नो पहुँच हो। पहुँच भनेको मान्छेको क्षमता पनि हो, उसले ओगटेको प्रभावित पार्न सक्ने वृत्त पनि हो र पहुँच एक अर्थमा मान्छेको स्वभाव पनि हो किनभने कुनै पनि मान्छेको स्वभाव अर्थात चरित्र उसको सोच, भाव, विचार र प्रस्तुतिमा हाबी भइरहन्छ।

यदि तपाई स्रष्टा भएर आफूभित्रको द्रष्टा भावलाई देख्नुहुन्न वा त्यसको अस्तित्व स्वीकार गर्नुहुन्न भने तपाईं कुनै हालतमा पनि स्रष्टा बन्न सक्नुहुन्न वा तपाईं सच्चा वा स्वस्फूर्त स्रष्टा होइन। आफूभित्र रहेको द्रष्टा भाव नचिन्नु वा स्वीकार गर्न नसक्नु नै स्रष्टाले आफ्नो धरातल र मूल भुलनु हो।

सिर्जना आफैमा स्रष्टाको द्रष्टा भावको गतिलो प्रमाण हो। आफ्ना अनेकतिरबाट प्रभावित र अनुकरणात्मक भावलाई अनेकतिरबाट चिन्तन मनन गर्नु, पर्गेलनु पनि द्रष्टा भाव नै हो। यस्तो प्रभावित र अनुकरणात्मक भावहरुमाथि चिन्तन मनन गरेर मात्र मान्छे स्रष्टा हुनसक्छ वा आफ्नो भावलाई पोख्न सक्छ।

त्यसैले मलाई सर्जक शब्द मनपर्छ। यो शब्द बडो मनकारी र मध्यस्थ लाग्दछ। यो शब्द कसले बनायो ? किन बनायो ? कहिले बनायो ? त्यो मलाई थाहा छैन। अब उप्रान्त थाहा भयो भने पनि यहाँ वर्णन गर्न सक्तिनँ। म मात्र यति जान्दछु कि सर्जक शब्द एक अर्थमा स्रष्टा हो भने अर्को अर्थमा द्रष्टा हो। एक अर्थमा उत्पादक हो भने अर्को अर्थमा अन्वेषक हो। एक अर्थमा चिरफार-खोतलखातल गर्ने द्रष्टा हो भने अर्को अर्थमा जन्माउने सिर्जना गर्ने स्रष्टा पनि हो।

पूर्वका शब्दकोशहरुले सर्जकलाई सृष्टि र सृष्टिकर्ताका रुपमा मात्र देखे, तर मलाई लाग्छ यो सर्जक शब्दको एक खण्डे परिभाषा हो। कुनै पनि मान्छे द्रष्टा वा हेराइको भाव नराखी विषय, भाव वा वस्तुप्रति चिन्तन र मनन नगरी सृष्टि गर्न सक्तैन वा सृष्टिकर्ता बन्न सक्तैन। त्यसैले मलाई पश्चिमको परिभाषालाई मिसमास-थपथाप गर्न मज्जा लाग्यो, हुन सक्छ तपाईंलाई पनि लाग्ला। पश्चिमले सर्जकलाई अन्वेषक, शल्यकर्ता र खोतलखातल पार्नेको रुपमा परिभाषा गर्‍यो। यो पनि मात्र एक खण्डे सत्य। सर्जक शब्दको समष्टि सत्य सायद मिश्रणमा छ। वस्तु, भाव वा विषयप्रतिको द्रष्टा भाव अर्थात अन्वेषण भाव र त्यसले निम्त्याउने-जन्माउने स्रष्टा भाव अर्थात सिर्जना। वास्तवमा यावत कृति, दर्शन, सिद्धान्त, शास्त्र पढेर कृति र लेखकको सोच, भाव, विचार पर्गेलने द्रष्टा ठूलो कि आफ्ना मनमा उठेको सोच र भावलाई सुन्दर कलाकारिताले सिँगारी भावपूर्ण शैलीमा अभिव्यञ्जनासहित पोख्ने स्रष्टा ठूलो ? भन्न र खुट्ट्याउन कठिन छ। तपाईं मान्नोस वा नमान्नोस सत्य भन्ने हो भने स्रष्टा नभई कोही द्रष्टा र द्रष्टा नभई कोही स्रष्टा बन्न सक्तैन। स्रष्टा वा द्रष्टा दुवै एक अर्काको परिपूरक हुन मेरो दृष्टिमा।

(साभार : समकालिन साहित्य डट कम)

## के चीन फर्किएला ?

# विगत दुई महिनामा चीनको नेतृत्वले ठूला नीति परिवर्तनको सङ्केत गरेको छ

– युन युन आङ



देङको आर्थिक मोडेल उत्कर्षमा पुगिसकेको थियो। चीन भ्रष्टाचार, असमानता, ऋण जोखिम र वातावरणीय प्रदूषणको कारक बन्न थालेको थियो। तैपनि, माओवादमा फर्किने समाधान कहिल्यै हुन सक्दैन थियो। तर २०१२ मा सीले सत्तामा आउँदा यस कुरामा ध्यान दिनुको साटो एक्काइशौं शताब्दीमा पनि निर्देशित सुधारको बाटो लिए

राष्ट्रपति जो बाइडेनले २०२१ मा पदभार ग्रहण गर्दा बाँकी विश्वलाई उनको पहिलो सन्देश थियो - अमेरिका फिर्ता आएको छ। गत अक्टोबरमा चिनियाँ कम्युनिष्ट पाटीको महासचिवको रूपमा आफ्नो तेस्रो कार्यकाल ग्रहण गरेपछि राष्ट्रपति सी जिनपिङले यस्तै घोषणा जारी गरे- चीन फर्कदै छ।

विगत दुई महिनामा चीनको नेतृत्वले ठूला नीति परिवर्तनको सङ्केत गरेको छ। अचानक लगभग तीन वर्षको गम्भीर शून्य कोभिड प्रतिबन्धको अन्त्य गरियो। प्राविधिक कम्पनीहरू र रियल-स्टेट क्षेत्रमाथिको नियन्त्रणलाई कम गरियो। साथै, आर्थिक वृद्धिप्रति आफ्नो प्रतिबद्धतालाई पुनः पुष्टि गर्दै चीनले परिवर्तनका श्रृङ्खलाबद्ध घोषणा गरेको छ।

विश्वको दोस्रो ठूलो अर्थतन्त्रले व्यवसायका लागि आफ्नो ढोका पुनः खोल्दै जाँदा लगानीकर्ताहरूले उत्साहका साथ प्रतिक्रिया दिइरहेका छन। चीनको व्यापारमूखी नीतिले निश्चित रूपमा अन्तर्राष्ट्रिय व्यापार र विश्वव्यापी शान्ति र स्थिरताका लागि राम्रो संकेत गर्छ। तर, चिनियाँ अर्थतन्त्रलाई सही मार्गमा राख्नका लागि हालका नीतिहरूलाई पूरै उल्टाउनु आवश्यक छ। वास्तवमा मैले मेरो पुस्तक 'हाउ चाइना एस्केप द पोभर्टी ट्र्याप" मा देखाएझैं राजनीतिक प्रणालीमा व्यावहारिकता र इमानदारिता फिर्ता ल्याउनु आवश्यक छ। यसको अर्थ देङ सियाओपिङको युगको चीनको अनुकूल शासन जस्तै बनाउनु हो।

चीनमा एक गलत धारणा छ कि 'चीन मोडेल"। यसको अर्थ एक बलियो अधिनायकवादी सरकारद्वारा माथिबाटै नियन्त्रण गरिनुपर्छ भन्ने हो। यो गलत धारणालाई राज्यले उद्यमहरूद्वारा बल दिइरहेको छ। वास्तवमा, माओत्सेतुङको शासनको ३० वर्ष गरिबी र पीडाले भरिएको थियो। जहाँ केन्द्रीकृत योजना प्रणाली, राज्यको स्वामित्व र राजनीतिक दमनको संयोजन असफलताको कारण थियो भन्ने प्रमाणित भैसकेको छ। त्यसकारण देङले चुपचाप हाइब्रिड प्रणाली ल्याए जसलाई म 'निर्देशित सुधार" भन्छु। यस सुधार अन्तर्गत चिनियाँ कम्युनिष्ट पाटी बलियो रूपमा सत्तामा रह्यो, तर केन्द्रीय सरकारले स्थानीय अधिकारीहरूलाई अधिकार पनि प्रत्यायोजित गयो, र एकै समयमा, निजी उद्यमीहरूलाई राज्यको नियन्त्रणबाट मुक्त गर्‍यो।

बेइजिङ्गको सरकारले तानाशाह हुनुको सट्टा निर्देशकको भूमिका खेल्यो। राष्ट्रिय लक्ष्यहरू परिभाषित गर्‍यो र उपयुक्त प्रोत्साहन र नियमहरू जारी गर्‍यो।तल्लो तहका अधिकारीहरू र निजी क्षेत्रका उद्यमीरूले स्थानीय समस्याहरूको स्थानीय समाधानहरू खोजी गरे। यसबाट विविधताको अभ्यासमा आधारित स्थानीय चीन मोडेलहरू देखा परे। जसले रूपान्तरणकारी आविष्कारहरू तलदेखि माथिसम्म पुर्‍यायो। यसबाट केन्द्रीय अधिकारीहरूलाई चकित पार्‍यो। यसको एउटा उदाहरण डिजिटल अर्थतन्त्रको उदय हो। यसका लागि देङले पार्टीको मानसिकता र मान्यताहरू परिवर्तन गर्ने कुरा सुनिश्चित गरे। उनले आफ्नो १९७८ को ऐतिहासिक भाषणमा चीनको 'सुधार र खुलापन" को युगको सुरुवात गरेका थिए।

माओको नेतृत्वमा, मानिसहरूले कठोर सजायको डरले सत्य बोल्ने हिम्मत गरेनन्। एउटा चिसो राजनीतिक वातावरण सिर्जना गर्‍यो। जसले ग्रेट लीप फर्वार्ड जस्ता विनाशकारी नीतिहरू जन्मायो। तर, देङको नेतृत्वमा 'तथ्यबाट सत्य खोज्नु" भन्ने नयाँ अनिवार्यता स्थापित भयो। जनताको हितमा सुधार गर्ने नीतिहरू छान्नुपर्छ नकि राजनीतिक रूपमा सही वा गलत भनेर।

देङको हाइब्रिड प्रणाली मानिएको माथिदेखि तलको दिशामा र तल्लो देखि माथि स्वायत्तताको संयोजनलाई अहिले सीको आफ्नै नेतृत्वले बेवास्ता गरेको छ। जब सीले सत्तामा आए उनले माथि देखि तलको कमाण्ड प्रणालीले पाएको संस्थागत फाइदाको बाटो लिए। र, पश्चिमी लोकतान्त्रिक पूँजिवादसँग चीनको सफलताको बारेमा फरक कथाको वकालत गर्न थाले।

माथि देखि तलको नियन्त्रणकारी दृष्टिकोणले प्रारम्भिक कोभिड-१९ प्रकोपको समयमा प्रभावशाली परिणामहरू ल्यायो। सामूहिक परीक्षण र कडा नियन्त्रण अधिनायकवादी सरकार अन्तर्गत मात्र कायम राख्न सकिने उपायहरू थिए। यस मार्फत चीनले २०२० देखि २०२२ सम्म कोभिड संक्रमणको राम्रो नियन्त्रण गर्‍यो जसले मृत्यु पनि कम भयो। सीले शून्य-कोभिडलाई आफ्नो विशेष उपलब्धिहरू मध्ये एकको रूपमा स्वीकार गरे। गत अक्टोबरमा भएको राष्ट्रिय कंग्रेसमा विना डगमगाई चीन शून्य कोभिड नीतिमा अडिग रहनेछ भनेर सीले घोषणा गरे। तर घटनाहरूले द्रुतरुपमा अप्रत्याशित मोड लियो। अनन्त नाकाबन्दीबाट आक्रोशित, चिनियाँ नागरिकहरू विरोधमा सडकमा उत्रिए र सीलाई आफ्नो स्थिति परिवर्तन गर्न बाध्य पारे।

शून्य कोभिड नीतिको अचानक उल्टाइले संक्रमितहरूको अस्पतालमा भर्ना हुनेको संख्यामा ठूलो बृद्धि भएको छ। यस समस्यामा चीनले केही समय कडा संघर्ष गरिरनपर्ने देखिन्छ। सी र उनको टोली महामारीलाई नियन्त्रणमा राख्न र व्यवसायिक विश्वास पुर्स्थापित गर्न उत्सुक छन्। आरामदायी आर्थिक नियमहरू र महामारी नियन्त्रणको अन्त्यले साँच्चै पूँजी बजारलाई बढाएको छ। यसबाहेक, कोभिड-१९ संक्रमणको चरम सीमापछि, घरेलु उपभोगले बदला लिने सम्भावना छ। यात्रुहरूको लागि क्वारेन्टाइनको अनिवार्य आवश्यकता हटाइएपछि उडान बुकिङहरू धेरै गुणा बढेको छन्। केन्द्र सरकारले आर्थिक वृद्धिदर बढाउन पूर्वाधारमा थप खर्च गर्ने वाचा गरेको छ। तर, नयाँ आर्थिक परिदृश्यले परिणाम दिनको लाीग सीले राजनीतिक प्रणालीको सुधारका च्यानलहरू खोल्न आवश्यक छ।

यसको मतलब उहाँले व्यक्तिगत उदाहरण स्थापित गर्नुपर्दछ की पार्टी र राज्यका अधिकारीहरूलाई उहाँ वास्तविकताहरू बताउँन चाहानुहुन्छ। व्यवहारमा सत्य बोल्नेहरूलाई मौन राखेर प्रचार गर्नेहरूलाई उचालियो भने त्यस्तो हुँदैन। सरकारले नागरिक समाज र सञ्चारमाध्यमलाई पनि थप ठाउँ दिनुपर्छ। र अन्ततः नागरिकको अभिव्यक्ति स्वतन्त्रतालाई खारेज गर्दा सीपीसीको शक्तिमा पकड बलियो हुन्छ भन्ने सोच्नु अदूरदर्शी सोच हो। नीतिगत प्रतिक्रियाको नियमित प्रणाली बिना, शासनले पीडा भोग्दछ जस्तै गत नोभेम्बरमा विस्फोट हुने किसिमका जन-विरोधहरू आए र सीपीसीको कार्यसम्पादनको वैधतालाई चुनौती दिए। सीको माथि देखि तल भन्ने दृष्टिकोणको अर्को समस्या के हो भने यसले लगानीकर्ताहरूलाई चीन लगानीको लागि उपयुक्त हुनेछ भनेर सोच्न नै छोडाउँछ। विगत एक दशकमा सीले विभिन्न सुधारहरूको घोषणा त गरेका छन तर, केवल उल्टो बाटोमा। व्यावहारिकता र स्पष्टताको आधारमा अधिकारीहरूलाई सशक्तिकरण गरिएमा बजारलाई आश्वस्त पार्ने दिशामा सकारात्मक प्रभाव पर्ने थियो। पार्टीमा भर्ना र बढुवाका लागि राजनीतिक प्रणालीको मापदण्ड परिवर्तन गर्नु नारा मात्र होइन चर्को माग हो भन्ने बुझ्नुपर्छ।

अन्तमा, चीनको नेतृत्वले रियल इस्टेटमा सट्टा लगानीलाई रोक्ने र ई-कमर्समा डेलिभरी कामदारहरूको अधिकारको रक्षा गर्ने जस्ता समस्याहरू समाधान गर्ने मुख्य लक्ष्य गलत थिएन भन्ने कुरा स्वीकार गर्नुपर्छ। अघिल्लो नीतिहरू उल्टो भयो किनभने तिनीहरू स्वेच्छाचारी रूपमा लागू गरिएका थिए। जसले गर्दा पार्टीले तिनीहरूलाई कुनै पनि समयमा परिवर्तन गर्न सक्छ भनेर व्यावसायीहरूलाई चिन्तित बनायो। राष्ट्रपति सी र उहाँको टिमले आफ्नो नीति निर्माणमा पारदर्शिता र परामर्शको अभ्यास गर्नुपर्छ।

चीनले सन १९७० को दशकको उत्तरार्ध र २०१० को प्रारम्भिक बीचमा व्यवहारिक शासनको प्रचुर अनुभव संकलन गरेको छ।

देङको आर्थिक मोडेल उत्कर्षमा पुगिसकेको थियो। चीन भ्रष्टाचार, असमानता, ऋण जोखिम र वातावरणीय प्रदूषणको कारक बन्न थालेको थियो। तैपनि, माओवादमा फर्किने समाधान कहिल्यै हुन सक्दैन थियो। तर २०१२ मा सीले सत्तामा आउँदा यस कुरामा ध्यान दिनुको साटो एक्काइशौं शताब्दीमा पनि निर्देशित सुधारको बाटो लिए। यसबाट सी फर्किनु पर्दछ। विगत दुई महिनाका नीतिगत परिवर्तनको संकेतहरूले पर्यवेक्षकहरूलाई उत्साहित बनाएको छ। तर, विगतका रुटिहरूलाई सच्याउनु दीर्घकालीन सुधारहरूको विकल्प ठान्नु हुदैंन।

(सिंगापुरमा जन्मिएर हाल अमेरिकामा प्रध्यापन गर्नुहुने प्रसिद्ध लेखिका युन युन आङको प्रोजेक्ट सेण्डिकेटमा प्रकाशित लेखको भावानुवाद।

श्रोतः आइएनएस(स्वतन्त्र समाचार)

# मधुरस, कामुक मादकता र ऋतुराज बसन्त



– विरेन्द्र कर्ण

श्रीपंचमी लागेसंगै मौसममा मादकता ल्याउदै वसन्तऋतुको आगमन भइसकेको छ। मैथिली काव्यमा कवीहरुले बसन्त ऋतृलाई ऋतुराजको उपाधी दिएको छ।कामदेवलाई बसन्तऋतुको आधिकारीक प्रतिनिधी घोषणा गरेका छन भने भवरालाई दुतको उपाधीले विभुषित गरेका छन। ऋषी,महर्षि तथा मनिषिहरुको मर्यादा भंग गर्नकै लागि कामदेवको नियुक्ती गरेको पाईन्छ।

बसन्तऋतुलाई मधुऋतुको संज्ञा पनि दिएको देखिन्छ। जुन ऋतुमा मधुरसको प्राप्ती हुन्छ त्यसलाई नै बसन्तऋतु अथवा मधुऋतु भन्ने गरिन्छ। यस ऋतुमा प्राणीहरुको मात्र नभएर रुख,विरुवा,लहरा इत्यादि प्रकृतिप्रदत जीवहरुलाई समेत मदमत्त पार्ने गर्दछ। यहि ऋतुमा आंपको रुखमा फुल लाग्ने गरिन्छ र भवंराहरु मधुसोधन क्रियामा मस्त हुने गर्दछ। कालान्तरमा गांयन,बादन,लेखन र अभिनयकलालाई बसन्तोत्सवद्वारा नै प्रसय प्राप्त भएको मानिन्छ।

बालमिकी रामायणमा महर्षि बालमीकीले बसन्तऋतुलाई अत्यधिक लालित्वपुर्ण रुपमा चित्रण गर्नुभएको छ। किसकिन्धा काण्डमा कवीले जुन प्रकार बसन्तऋतुको बर्णनन गरेका छन त्यसमा प्रकृति प्रदत दृश्यको छवीमात्र देखा पर्दैन त्यसमा भगवान रामको सीता वियोगको चित्रहरु सजिव भएर आउछन्। पम्पाको रमणीय वन प्रदेशमा पम्पा नदी किनारमा भगवान राम यताउती डुलीरहेको दृश्य देख्न पाईन्छ।सीता वियोगले छटपटाईरहेको दृश्य पनि देख्न पाईन्छ। बसन्तको अपार वैभव,फुलले ढाकिएको रुखहरु र त्यसमाथि भवंराहरुको कोलाहल,क्रन्दन,उदिक्त सुशमा देखेर भगवान रामको मन उदेगले भरि आउछ। मन अलौकिक हुन्छ र कामोदिक्त भएर आएपछि आफुसंगै " सौमित्र,विभिन्न प्रकारको चराचुरुङ्गीसंग आहलादीत यो बसन्तऋतु मेरो सीता वियोगलाई अझ उदिप्त पारेर आउछन्।

भगवान रामको मनभित्र सीतामिलनको अभिलाषा जागेर आउछ र उनले भाई लक्ष्मण संग भन्दछ - चराहरु युगलरुपमा नृत्य गरिरहेको छ ,मयुरसंगै कामार्त मयुरी नाचिरहीके छे ,मयुरको अनुगमनले सीता समागमनको इच्छा रामको मनभित्र ज्वारभाटा जस्तै उठेर आउछ। रामचरित्र मानसमा बसन्तऋतुको बर्णनन् दुई स्थानमा गरेको पाइन्छ। पहिलो बालकाण्डमा शिव समाधी प्रसंगमा र अर्को अरन्य काण्डमा सीताको विरहवेदनालाई प्रयुक्त गर्नका लागि। तुलसी दासले कामदेवद्धारा शिव समाधी भंग गर्ने प्रसंगमा बसन्तऋतुको उल्लेख गरेका छन्।बसन्तऋतु र कामदेवको अन्योन्याश्रय सम्वन्ध रहेको छ। त्यसैले कामदेवले बसन्तऋतुलाई आफनो अस्त्रको रुपमा प्रयोग गरेको देखिन्छ। रामचरित्र मानसमा उल्लेख गरिएको छ कि कामदेव जब अजेय रुद्रलाई हेर्छन तब भयाकांत भईदिन्छ। तर फर्किनेबेलामा कामदेवलाई लाज लाग्ने गरेको दृश्य पनि देख्न पाईन्छ।

अतः आफनो रणनीतिलाई अंजाम दिनको लागि कामदेवले ऋतुराज वसन्तलाई प्रकट गर्छन। वन उपवन र चारैतिर यस्तो सुन्दरता देखिन्छ कि जसलाई देखेर मनभित्र अनायास प्रेम जागेर आउछ र निर्जल मनभित्र कामवाशनाको उत्पती हुन थाल्छ। व्यास ऋषिले कृष्ण द्धैपायन माहाभारतमा पनि बसन्तऋतुको वर्णनन गरेको पाईन्छ।

कवी कोकिल विद्यापतिको चर्चानै नगरि ऋतुराज वसन्तको चर्चा गर्नु अधुरो हुनेछ। वसन्त निरुपणको दृष्टिबाट विद्यापतिको महत्वपुर्ण स्थान रहेको छ। आफनो लेखनीमा विद्यापतिले बसन्तऋतुको विभिन्न स्वरुपको अति शुष्मरुपमा विश्लेषण गरेको कृतिहरुमा पाईन्छ। कालीदासले "मालविका अग्नी मित्रम",रघुवंशम तथा अभिज्ञान साकुंतलम जस्ता कृतिमा यो उत्सवको नाम ऋतु उत्सव दिएको छ। ऋतु परिवर्तनको उपलक्ष्यमानै यो उत्सवको आयोजना पनि गरिन्छ। कालीदास कृत अभिज्ञान साकुंतलम अनुसार मोदक वितरण यो उत्सवको विशेषता हो। कालीदासका अनुसार आंपको मञ्जरी(फुल)सौन्दर्य प्रसाधण हो र बसन्तको अधिस्ठाता कर्न्धभ देवतालाई फकाउने एउटा साधन हो। बसन्तऋतुलाई लोककवीले भावव्यञ्जन उत्प्रेरक तथा उर्वर रहेको मान्दछन्।मैथिली कवी कोकील विद्यापति देखि लिएर अन्य लोककवीहरुले बसन्तको प्रयोग सौन्दर्यबोधलाई प्रकट गर्न र प्रियतमाको विरहको अनुभुतीलाई प्रकट गर्नका लागि गरेको देखिन्छ।

आम मजरि महुतुअल
तैओने पहुं मोर घुरल
दीप जरैए वाती जरल
तैओने पहुं मोर आएल

अर्थात आंपको रुख मंजरीले ढाकेको छ र महुवाको रुखबाट चुहिन थालेको छ। दियोको रोशनी पनि मन्द भएको छ। बाती पनि सकिन लागेको छ तर मेरो प्रीतम अहिले सम्म आएन। यसै प्रकार एउटा अन्य पदमा बसन्तको आगमन संगै प्रियतमाले प्रीतमको विरहवेदनालाई यसरी व्यक्त गरेका छन।

समय बसन्त पिया परदेश
असहय सहब कल विरह कलेश

निष्कर्ष :बसन्त ऋतु प्रकृतिको नियामक हो र प्रकृति प्रदक्त सौन्दर्यका लागि उत्प्रेरणको लश्कर बसन्तऋतुमा एकैसाथ देख्न सकिन्छ। जसमा सौन्दर्यको मादकता र मिलनको चरमोत्कर्ष तथा विरहवेदना पनि देख्न सकिन्छ। प्रकृतिबाट यदि बसन्त ऋतुलाई निकाली दियो भने जीवनमा न त सरस सौन्दर्यनै रहन्छ न त कामुक मादकता।

लेखक पत्रकार हुन।

# साउना, स्टिम र जाकुजी लिने बढ्दै शरीरलाई आनन्द र तनावमुक्त राख्ने

काठमाडौँ, १३ माघ
आजभोलि मानिसहरु थकानबाट मुक्त हुनका लागि स्पा, साउना, स्टिम, जाकुजी जस्ता सेवाबाट आनन्द लिने गरेको पाइएको छ । शरीरभित्रका रहेका खराब वस्तु (विकारण तत्व) फाल्न र कामबाट थकित भएका मानिसहरु एकछिन भए पनि शरीरलाई आनन्दका लागि स्पा, साउना, स्टिम र जाकुजीतर्फ आकर्षित हुन थालेका छन् ।

यसमा मानिसहरुलाई तातो पानी बस्ने, पानीको बाफ, सुक्खा तातो विधिबाट शरीरलाई आनन्दमय बनाउने गरिन्छ । आयुर्देव तथा वैकल्पिक चिकित्सा विभागका महानिर्देशक डा वासुदेव उपाध्यायले मानिसलाई तनाव व्यवस्थापन गर्न र आनन्द बनाउन स्पा, साउना, स्टिम र जाकुजी जस्ता गर्ने गरेको बताउछन । ती विधिबाट मानिसको उपचार नै हुन्छ भन्ने हुन्न, उनले भन्छन, तर मानिसलाई थकाइ तथा तनाव भएको बेला आनन्दको अनुभव हुन्छ ।

चिकित्सकहरुले पनि मानिसलाई तनावबाट टाढा रहनका लागि स्पा, साउना, स्टिम र जाकुजी गर्नका लागि सिफारिस गर्ने गरेको पाइन्छ । यस्ता सेवा दिने अधिकांश संस्थाहरु दर्ता बिना नै सञ्चालनमा रहेकाले तिनलाई दर्ता गराउने तयारीमा रहेको महानिर्देशक डा उपाध्यायले बताए । छाती रोग विशेषज्ञ डा प्रकाश पौडेलले स्पा, साउना, स्टिम, जाकुजीले मानसिक तथा शारीरिक रुपमा आनन्द बनाउने बताउछन । उनका अनुसार केही निश्चित समयमा स्पा, साउना, स्टिम, जाकुजीमा बस्ने हो भने आनन्दका साथै शरीरलाई पनि फाइदा गर्दछ । उनले हप्तामा एक वा दुई पटक साउना, जाकुजी, स्टीम र स्पा गएमा शरीरलाई आनन्द बनाउन सकिने धारणा राख्छन ।

नेपाल वेलनेस एन्ड स्पा एसोसिएसनका अध्यक्ष तथा ट्र्याङक्युलिटी स्पाका कार्यकारी निर्देशन सुरेश पुरी चिकित्सकले सिफारिस गरेका मान्छेहरु पनि स्पा, साउना र जाकुजी लिन आउने गरेको बताउछन । उनले दिनभरिको थकान तथा मानसिक थकान मेटाउन मानिसहरु 'रिल्याक्स' हुन बढी आउने गरेको बताउछन ।

टेबुलमा एकोहोरो काममा लाग्ने मानिसहरु बढिजसो थकानबाट मुक्त गर्नका लागि आउने गर्दछन, उनले भने , स्वास्थ्यलाई ख्याल गरेर कुनै रोग लाग्न दिनुभन्दा रोकथाम गर्ने उद्देश्यले मानिसहरु बढी आउने गरेका छन् ।

साउना, स्टिम र जाकुजी गर्न छाला, हाड जोर्नीसम्बन्धी बढी समस्या भएका मानिसहरु आउने गरेको उनको भनाइ छ । उनका अनुसार देशभरिमा ६ सय ५० स्पा सेन्टर रहेका छन् । तीमध्ये आधाभन्दा बढी काठमाडौँमा नै रहेका छन् । अधिकांश तारे होटेलहरुमा यो सेवा रहेको छ ।

जोर्नी दुखेको र छालासम्बन्धी रोग भएका बिरामी स्टिम र साउनाले फाइदा गर्ने उनले बताए । बाथ रोग, दुखाइ, सुन्निनेलाई पनि फाइदा गर्दछ । हप्तामा एक-दुई पटक साउना, स्टिम र जाकुजीले मानिसलाई आनन्द बनाउनुको साथै शरीरमा




रहेका विकारणलाई फाल्ने उनी बताउछन । उहाँका अनुसार साउना, स्टिम र जाकुजीमध्ये एक विधि गर्नका लागि एक हजारदेखि एक हजार पाँचसय रुपैयाँसम्म पर्ने गर्दछ ।

ट्र्याङक्युलिटी स्पामा दैनिक २०-२५ जना मानिस शरीरलाई आनन्द बनाउनका लागि आउने गरेको उनी बताउछन । स्पा एसोसिएसनका अध्यक्ष पुरीले नेपालमा बेलनेसको गन्तव्य स्थल बनाउने सके धेरै पर्यटन नेपाल आउने बताउछन । सरकारी कलेजमा अध्ययनरत विद्यार्थीलाई तीन महिनाको तालिम दिएर रोजगारी पनि दिने गरेको उनले जानकारी दिए ।

पानीबाट गरिने उपचार पद्धतिलाई 'स्पा' पनि भनिन्छ । स्पा उपचार पद्धति नौलो लागे पनि यो परापूर्वकालदेखि नै चल्दै आएको विधि हो । कुनै बेला युरोपेली मुलुकहरुले जमेको पानी अथवा झरनामार्फत उपचार गर्थे, जसलाई 'स्पा' भन्ने गरिन्थ्यो । स्पाले मानिसलाई स्वस्थ्य बनाउनाका साथै रक्तसञ्चार बढाउने, रोगसँग लड्न सक्ने क्षमता बढाउने, थकान कम गराउने, खानामा रुचि जगाउने र निन्द्रा लगाउन मद्दत गर्ने यसका प्रयोगकर्ताहरु बताउँछन् ।

सामान्यतः स्पा तीन घण्टाको हुन्छ । स्पाले स्नायु प्रणालीलाई पुनर्ताजगीसमेत काम गर्ने अध्यक्ष पुरीको भनाइ छ । उहाँका अनुसार स्पाले शरीरमा सकारात्मक ऊर्जा उत्पन्न गर्छ र तनाव तत्काल कम गर्न मद्दत गर्छ । स्पाले शरीरका विषाक्त पदार्थहरु निकालेर प्रतिरोध क्षमता बढाउँछ र रक्तसञ्चारलाई ताजा राख्छ ।

'स्टिम' भनेको पानीको बाफबाट दिइने तातो हो भने 'साउना' भनेको सुक्खा तातो बाफ हो । यी दुवै विधिअन्तर्गत तापक्रम मिलाइएको कोठामा बस्दा शरीरबाट पसिना निस्कन थाल्छ । कुनै शारीरिक कसरत वा श्रम नगरी धेरै पसिना बग्छ । यसरी पसिना बग्दा शरीर स्वस्थ राख्न मद्दत पुग्छ ।

स्टिम र साउनाले शरीरमा रगत सञ्चालनमा फाइदा गर्छ । तातोले नसा खुलाउने काम गर्छ र मुटुरोगीका लागि फाइदा पुग्छ । यसलाई हप्तामा एक-दुई पटक प्रयोग गर्‍यो भने उच्च रक्तचाप भएकाहरुको रक्तचाप नियन्त्रण गर्न र तनाव घटाउन मद्दत मिल्छ । स्टिम र साउनामा १५-१५ मिनेट बसेपछि आनन्द महसुस हुन्छ ।

शरीरमा भएका विकार हटाउँछ र छालाका प्वालहरु खोलेर फुर्तिलो बनाउँछ । शरीरमा टाँसिएको धुलोधुवाँका कण स्टिम र साउना लिँदा आउने तातोले पसिनाका माध्यमबाट बाहिर निकालिदिन्छ । जाकुजी तातो पानीमा १० देखि १५ मिनेट बस्ने विधि हो । यसमा तातोपानीको फोहराले शरीर रक्तसञ्चार गराउनाका साथै आनन्द बनाउँछ ।

शरीरमा भएका विकारलाई हटाउन, तनावबाट मुक्ति दिलाउँछ, छालामा जमेको फोहोर निकालेर सफा बनाउन स्टिम र साउनाले मद्दत गर्दछ ।

स्टिम र साउनाले मोटोपना घटाउन मद्दत गर्छ, स्वस्थ रगत सञ्चालनमा मद्दत गर्छ, शरीरले आनन्द महसुस गराउने गर्दछ । जोर्नीहरु कडा भएर हिँड्डुल गर्न गाह्रो हुनेलाई स्टिम र साउनाले जोर्नीहरु खुकुलो बनाउने गर्दछ । नियमित जिम जान वा व्यायाम गर्न नसक्ने वा नभ्याउने मानिसका लागि शरीर स्वस्थ राख्न स्टिम र साउना राम्रो विकल्प हो ।

गर्मी मौसममा भन्दा जाडो मौसममा स्टिम र साउना बाथ लिनेहरु धेरै हुन्छन् । यसै पनि जाडो मौसममा तातो भएर बस्दा आनन्द आउँछ, त्यसमाथि शरीरलाई पनि फाइदा पुग्छ । गर्मी महिनामा भने स्टिम र साउनाले शरीरबाट पसिना निकाली स्वस्थ बनाउने गर्दछन् ।

स्पा एसोसिएसनका अध्यक्ष पुरीले गर्मीभन्दा पनि जाडो याममा स्पा, स्टिम, साउना र जाकुजीले शरीरलाई फाइदा गर्ने बताउछन । जाडोयाममा मानिसहरुको हिँड्डुल पनि कम हुने र शरीर पनि त्यति चलायमान हुँदैन, उनले भने , जसले गर्दा रक्तसञ्चार पनि राम्रोसँग हुन पाउँदैन ।

स्पा, स्टिम, साउना र जाकुजीले शरीरको रक्तसञ्चार गराउन मद्दत पुर्‍याउँछ ।रासस

# केरा खेतीबाट मनग्य आम्दानी



महेन्द्रनगर, १३ माघ
कञ्चनपुरको कृष्णपुर नगरपालिका-५ सुदर्शनपुरका सुरेन्द्र चौधरीले व्यवसायिकरूपमा केरा खेती गरेको एघार बर्ष भयो । विसं २०५२ मा समान्यरूपमा केरा खेती गर्दै आएका उनले २०६८ सालपछि तालिम लिएर व्यावसायिकरूप दिएपछि प्राप्त कमाइले कमाइ राम्रै हुँदै आएको बताए ।

हाल आठ बिघा जमिनमा केरा खेती गरिरहेका चौधरीले बार्षिक रु १६ लाखदेखि रु २० लाखसम्म आम्दानी हुने गरेको जानकारी दिए । राम्रो मूल्य पाए सबै खर्च कटाएर बार्षिक रु बीस लाखसम्म आम्दानी हुन्छ, उनले भने , केराबाट भएको कमाइले घर खर्च चलाउनेदेखि छोराछोरीलाई शिक्षामा लगानी गर्न पाउँदा म सन्तुष्ट छु ।

एक कठ्ठा जमिनमा केरा खेती गरेका चौधरीले अहिले केराको बेर्नासमेत उत्पादन गर्ने नर्सरी सञ्चालन गरेका छन । चार/पाँच बर्षअघि नर्सरी बनाउँदा कृषि ज्ञान केन्द्रबाट रु दुई लाख र कृष्णपुर नगरपालिकाबाट रु एक लाख अनुदान मिलेको थियो । उनले त्यो बाहेक केरा खेतीका लागि अहिलेसम्म कहिकतैबाट सहयोग वा अनुदान पाइएको छैन् ।आठ बिघा जमिन लिजमा लिएबापत बार्षिक रु तीन लाख २० हजार भाडा तिर्दै आएका चौधरीले उत्पादित केरा महेन्द्रनगर, धनगढी र अत्तरीयाका थोक व्यापारीले खरिद गर्ने गरेको जानकारी दिए ।

समयमै मल र सिँचाइको व्यवस्था भए प्रतिबिघा जमिनमा बार्षिक रु सात/आठ लाखसम्मको केरा उत्पादन हुन्छ तर बजार मूल्यमा हुने उतारचढावका कारण किसानहरू समस्या पर्ने गरेको उनले बताए । भारतीय केराको आयात रोकेर स्थानीय किसानलाई मात्रै सहज गराइदिए दुई बर्षमा केरा उत्पादक किसानको स्तर धेरै माथि आउँथ्यो । उनले भने, पछिल्लो समय केरा उत्पादनमा लागेका किसान केराको बीमा नहुँदा चिन्तामा छन् ।

गत बर्ष केरा खेतीको बीमा भएपनि चालु आर्थिक वर्षमा बीमा कम्पनीले केराको बीमा गर्न आनाकानी गरिरहेको चौधरीको गुनासो थियो ।

सामान्य हुरी आउँदा पनि केराका बोट ढल्छन, उनले भने , बीमा नहुँदा जोखिम बढेको छ । एसएलसीसम्मको अध्ययन गर्नुभएका चौधरीले केराबाट भएको आम्दानीबाट दुई छोरालाई स्तरीय शिक्षा दिन सकेकोप्रति खुसी व्यक्त गर्नुभयो । केराकै कमाइले एउटा छोरा इन्जिनियरसम्म बन्यो, उनले भने ,सामान्य किसानको छोराले माथिल्लो तहसम्म अध्ययन गराउन सक्नु मेरा लागि ठूलै कुरो हो ।रासस

# व्यवसायीको निधनले आर्थिक क्षेत्र मर्माहत



टङ्गीसिनवारी, १३ माघ
दुई जना व्यवसायीको असामयिक निधनपछि पूर्वका आर्थिक क्षेत्रका सङ्घसंस्था मर्माहत भएका छन् । गत मङ्गलबार काठमाडौँको नयाँ बानेश्वरमा इलामका व्यवसायी प्रेमप्रसाद आचार्यले शरीरमा आगो लगाएर आत्मदाह प्रयास गरेका थिए । उनको उपचारका क्रममा कीर्तिपुर स्थित बर्न अस्पतालमा बुधबार विहान निधन भएको थियो ।

आचार्यको निधन लगत्तै बुधबार नै विराटनगरका विद्युतीय सामग्रीको व्यवसाय गर्ने मोहन न्यौपानेले विराटनगर-३ स्थित आफ्नै घरमा झुण्डिएर आत्महत्या गरे । दुवै घटनामा वित्तीय दबाब प्रमुख देखिएको थियो । मोरङ व्यापार सङ्घका उपाध्यक्ष विकासकुमार बेगवानीले मुलुकमा आर्थिक सूचकाङ्क सकारात्मक नरहेको अवस्थामा राज्य अलि बढी संवेदनशील बन्नुपर्ने बताए ।

उनले आर्थिक क्षेत्रमा सुधारका ठाउँ प्रशस्तै रहेकाले राज्यले सुधारका कदम तत्कालै उठाउनुपर्ने बताए ।

सङ्घका अध्यक्ष नवीन रिजालले बढ्दो बैंकको ब्याजदर र प्रतिकुल आर्थिक नीतिका कारण व्यवसाय धरासायी बन्दै गएको बताए । उनले आफूले उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलसँग भेटेर व्यवसायीको माग सम्बोधन गर्न अनुरोध गरेको बताए ।

उद्योग सङ्गठन मोरङका अध्यक्ष सुयस प्याकुरेलले आइपर्ने परि स्थितिबाट भाग्नुको साटो समस्या समाधनतर्फ उन्मुख रहन जरूरी रहेको बताए । उनले उद्योगी व्यवसायीको समस्या समाधानका लागि सङ्घ संस्थाको स्थापना भएको भन्दै समस्या पर्दा उद्योग व्यवसायीले यस्ता सङ्घ संस्थासँग छलफल र परामर्श लिनुपर्ने बताए ।

नेपाल उद्योग वाणिज्य महासङ्घ प्रदेश नं. १ का अध्यक्ष भीम घिमिरेले आर्थिक क्षेत्रलाई चुस्त दुरूस्त बनाउन राज्यले निजी क्षेत्रको समन्वयमा कार्य गर्नुपर्ने बताए । अध्यक्ष घिमिरेले दुई दिनको अन्तरालमा परस्पर दुई दुःखदायी घट्ना घटेको भन्दै व्यवसायीप्रति राज्यले न्याय गर्नुपर्ने बताए ।

उद्योग सङ्गठन मोरङले बिहीबार अपिल जारी गर्दै यस खाले दुःखद् र मार्मिक घटनाले भित्री अन्तरवस्तु र पीडालाई उजागर गरेकाले आगामी दिनमा दोहरिन नदिन नियमनकारी निकायले उद्योगी व्यवसायीहरुको उचित गुनासो, पिरमार्का, समस्यालाई गम्भिरतापूर्वक सुनेर समयमा नै सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको बताएको छ । रासस

# सरकारले बन्द भएका उद्योग सञ्चालन गर्छ : मन्त्री भण्डारी

काठमाडौँ, १३ माघ
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले सरकारले बन्द भएका उद्योग सञ्चालनको वातावरण बनाउने बताएका छन ।

मिडिया स्पेस सोलुसन्स प्रालि र फ्युचरेक्स ट्रेड फेयर एण्ड इभेन्टस् प्रालिले संयुक्तरुपमा आयोजना गरेको नेपाल उड इन्टरनेशनल एक्स्पो तथा नेपाल इन्टरनेशनल फर्निचर एण्ड होम डेकोर इन्टरनेशनल एक्स्पोको उद्घाटन गर्दै उनले विभिन्न कारणले बन्द हुन पुगेका सरकारी तथा निजी उद्योग सञ्चालनका लागि सरकारले आवश्यक वातावरण बनाउने बताए ।

नेपालमा लगानीको वातावरण बनाउन सरकारका तर्फबाट गर्नुपर्ने नीतिगत सुधार गर्नुपर्नेमा जोड दिँदै उनले उद्योगी व्यवसायीका समस्या सुनेरै समस्या समाधान गरिने उल्लेख गरे । मन्त्री भण्डारीले विदेशी लगानीकर्तालाई नेपालमा ढुक्क भएर लगानी गर्ने वातावरण बनाउन सरकार प्रतिबद्ध रहेको बताए । उनले विभिन्न कारणले नेपाली उद्योग निरुत्साहित भइरहेकाले ती उद्योगको संरक्षणका लागि सरकारले स्वदेशमा उत्पादित वस्तुको निर्यात गर्ने वातावरण बनाउने प्रतिबद्धता जनाए । उनले भने , मुलुकमा उद्योग व्यवसायको स्थिति खस्किनुको कारण पहिचान गरी समस्या समाधानको खोजी गर्छौं, सहजरुपमा लगानी गर्ने वातावरण बनाउँछौं ।

उनले अन्तर्राष्ट्रिय बजारको आधुनिक प्रविधि भित्र्याएर नेपाली उद्योगको उत्पादन बढाउनुपर्नेमा जोड दिए । शुक्रवारदेखि यही माघ १५ गतेसम्म सञ्चालन हुने एक्सपोमा विभिन्न देशका एक सयभन्दा बढी ख्यातिप्राप्त ब्राण्डका प्रदर्शनी कक्ष तथा यस क्षेत्रमा कार्यरत व्यवसायी एवं संस्थाको सहभागिता रहेको छ । एक्सपोमा फर्निचर, प्लाइउड तथा काठ औजारका कम्पनी, डिलर, सबडिलर र बिक्रेताले काठ व्यवसायसँग सम्बन्धित उत्पादनका बारेमा जानकारी गराउने जनाइएको छ । यस एक्सपोले नेपालमा हाल भइरहेको काठ र फर्निचर क्षेत्रको विकास तथा आधुनिकीकरणमा टेवा पुग्ने बताइएको छ ।रासस

# सर्वसाधारणलाई सुपरमाई हाइड्रोपावरको आइपिओ आउँदै




काठमाडौँ, १३ माघ
सुपरमाई हाइड्रोपावर लिमिटेडले सर्वसाधारणका लागि साधारण शेयर निष्कासन तथा बिक्री खुला गर्ने भएको छ ।

कम्पनीले आयोजना प्रभावित स्थानीय बासिन्दा तथा वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि शेयर निष्कासन गरेपश्चात् यही माघ २३ गतेदेखि सर्वसाधारणको लागि प्रतिकित्ता रु एक सय अङ्कित दरमा चार लाख १५ हजार कित्ता शेयर प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ)का बिक्री खुला गर्ने भएको हो । कम्पनीले आफ्नो जारी पुँजी रु ५० करोडको १० प्रतिशतले हुने रु पाँच करोड मूल्य बराबरको कूल पाँच लाख कित्ता साधारण शेयरमध्ये ५० हजार कित्ता शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि, २५ हजार कित्ता सामूहिक लगानी कोषलाई बाँडफाँट गरिएको र १० हजार कित्ता कर्मचारीलाई छुट्याई बाँकी चार लाख १५ हजार कित्ता शेयर सर्वसाधारणलाई निष्कासन गर्न लागिएको कम्पनीले जनाएको छ । कम्पनीले निष्कासन गरेको शेयरमा लगानीकर्ताले छिटोमा यही माघ २६ गतेसम्म र सो अवधिमा माग बमोजिम आवेदन नपरे आगामी फागुन ८ गतेसम्म न्यूनतम १० कित्तादेखि अधिकतम २० हजार कित्ता खरिदका लागि आवेदन दिन सक्ने जनाएको छ ।

कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक सानिमा क्यापिटल लिमिटेड रहेको छ । इच्छुक लगानीकर्ताले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाबाट 'सी-आस्वा' प्रणालीमार्फत र 'मेरो शेयर'बाट आवेदन दिने सकिने कम्पनीले जनाएको छ । कम्पनीलाई इक्रा नेपालले 'इक्राएन्पी आइआर बीबीबी माइनस' प्रमाणपत्र प्रदान गरेको छ । कम्पनीले इलामको इलाम नगरपालिका र माइजोगमाई गाउँपालिकाको सीमा नदी 'माई खोला'मा सात दशमलव आठ मेगावाट क्षमताको सुपरमाई हाइड्रोपावरको निर्माण गरेको छ ।रासस


## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

**कमला नगरपालिका**
धनुषा, मधेश प्रदेश

# न्यायिक समिति निष्क्रिय हुँदा न्याय सम्पादनमा समस्या




जलेश्वर, १३ माघ

महोत्तरी जिल्लाको स्थानीय तहमा न्यायिक समिति निष्क्रिय हुँदा न्याय सम्पादनमा समस्या भएको छ।

जिल्लाको गाउँपालिका तथा नगरपालिकामा उपाध्यक्ष/उपप्रमुखकोसंयोजकत्वमा गठित न्यायिक समिति सक्रिय नहुँदा स्थानीयवासीले न्यायको अनुभूति गर्न नसकेको जलेश्वर नगरपालिका- २ का शिवचन्द्र चौधरीले गुनासो गरे।

स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भएको दोस्रो कार्यकालको नौ महिना बित्नलाग्दा पनि नागरिकले न्याय सम्पादन र विकास निर्माणका काममा सहजरुपमा सेवा नपाएको र न्यायिक समितिले पनि जिम्मेवारीपूर्वक काममा तदारुकता नदेखाउँदा समस्या भोग्नुपरेको मनरासिस्वा नगरपालिका- १ का रविन्द्र भगतले बताए।

संविधानको धारा २१७ मा स्थानीय तहमा मुद्दा हेर्ने अधिकार गाउँ तथा नगरका उपाध्यक्ष/उपप्रमुखलाई तोकिए पनि सम्बद्ध पदाधिकारीले प्रभावकारीरूपमा काम गर्न नसक्दा स्थानीय तहमा गठित न्यायिक समिति नाम मात्रको भएको पिपरा गाउँपालिका- ४ का भोगी कापरको भनाइ थियो।

जिल्लाका १५ स्थानीय तहका न्यायिक समिति सक्रिय रहेको जिकिर गरिए पनि सानातिना विवादमा पनि पीडितले न्याय खोज्न जाँदा न्यायिक समितिका पदाधिकारले पार्टीगत आधारमा निर्णय गर्ने गरेकाले पीडितहले त्यहाँ उजुरी नगर्ने गरेको जलेश्वर नगरपालिका- ८ का अगुवा मनोजकुमार साहले आरोप लगाउनुभयो भने जलेश्वर नगरपालिका-२ का रमन चौधरीले पनि 'सानातिना झगडा, घरेलु हिंसालगायतमा न्याय खोज्नुपर्ने बेला न्यायिक समितिका संयोजक नै नभेटिँदा समस्या हुने गरेको बताए।

न्यायिक समितिका संयोजक र सदस्यलाई कानूनी क्षेत्राधिकार र कार्यविधिबारे अन्योल हुँदा थप समस्या भएको छ। समिति निष्क्रिय भएपछि त्यस क्षेत्रमा विनियोजित बजेट खर्च पनि कागजी मिलान गरेर अनियमितता गर्दै आएको आरोप समेत लाग्दै आएको छ।

न्यायिक समितिले प्रभावकारीरूपमा कार्य सम्पादन गर्न नसक्दा र सानातिना घरायसी विवादमा पनि प्रहरी नै लाग्नुपर्दा अन्य आपराधिक क्रियाकलापको अनुसन्धानमा समेत असर परिरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक कृष्णप्रसाद पंगेनीले बताए।रासस

# ढल निकास नहुँदा समस्या



लहान, १३ माघ

सिरहाको लहान बजारमा व्यवस्थित ढल निकास नहुँदा स्थानीयहरु समस्यामा परेका छन्। बजार क्षेत्रबाट बग्ने ढल कतै भत्किने त कतै जाम पर्ने समस्याले फोहोर पानी घरभित्र पस्न थालेपछि स्थानीय समस्यामा परेका हुन्।

ढल निकास थुनिएर सार्वजनिक बाटोमा फोहोर जम्मा हुँदा आवतजावत गर्दा नाक थुनेर हिँड्नु पर्ने अवस्था रहेको लहान नगरपालिका-८ का सत्यनारयण चौधरीको भनाइ छ। ढल निकासको उचित व्यवस्था नहुँदा बारम्बार बजार क्षेत्रको फोहोर पानी घरभित्र पस्ने गरेको छ र यसले निकै दुःख दिएको छ। ढल निकासका लागि नगरपालिकालाई पटक-पटक आग्रह गर्दा पनि कुनै सुनुवाई नभएको स्थानीयको गुनासो छ।

इलाका प्रशासन कार्यालय ग्रामीण चोकदेखि जम्मा हुँदै आएको ढल दक्षिण तिर हुलाकको बाटो हुँदै पूर्व पश्चिम महेन्द्र राजमार्ग आइपुग्दा ढलको नाली जाम भइ बीच बजार जलमग्न भएको छ। कञ्चनपुर-कर्जना सडकखण्ड अन्तर्गत चार लेनको बाटो बिस्तारका क्रममा चाइना रेलवे कम्पनीले लहान बजारमा कलभर्ट बनाउने क्रममा तत्कालका लागि ढल निकासामा समस्या आएको लहान नगरपालिका-७ का वडाअध्यक्ष राम औतार शर्माको भनाइ छ।

नगरपालिकाले लामो समयदेखि फोहोरमैला र ढलको उचित व्यवस्थापन नगर्दा यो समस्या आएको चाइना रेलवे कम्पनीका जनसम्पर्क अधिकृत नविन दुवाडीको दाबी छ।कलभर्ट बनाउने काम १० दिनभित्रै सकिन्छ। त्यतिञ्जेलसम्मका लागि जम्मा भएको पानी ट्यांङ्कबाट अन्यन्त्र बिस्थापित गरेर भएपनि ढलमा पानीको सतह बढ्न दिएका छैनौँ, उनले भने।

उनले फोहोरमैला तथा ढलको दीर्घकालिन व्यवस्थापनको जिम्मेवारी नगरपालिकाको भएको बताए।

नगर प्रमुख महेश चौधरीले नगरपालिका ढल निकाससम्बन्धी व्यवस्थित योजना ल्याउने तयारीमा रहेको बताए।

फोहोरमैला तथा ढलको उचित व्यवस्थापन नगरको समस्या हो, वृहत योजनासहित चाँडै समाधान गर्ने तयारीमा छौँ, उनले भने।रासस

## उपप्रधान तथा गृहमन्त्री ..............................

थियो। त्यसदिन सर्वोच्च अदालतको संवैधानिक इजलासले लामिछानेको मुद्दामा अन्तरिम आदेश दिन अस्वीकार गरेपनि अग्राधिकार दिँदै अन्तिम सुनुवाइका लागि माघ ११ मा पेस गर्न आदेश दिएको थियो।

माघ ११ गतेदेखि यस मुद्दाको संवैधानिक इजलासमा भएको बहसपछि शुक्रबार इजलासले नागरिकता अबैध ठहर गर्दै आदेश दिएको हो। २०५० सालमा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट वंशजको नागरिकता निकालेका लामिछाने रोजगारीको सिलसिलामा अमेरिका पुगेका थिए। त्यसपछि २०७० फागुन ९ मा अमेरिकी नागरिकता र फागुन २१ मा राहदानी प्राप्त गरेका थिए। उनले अमेरिकाको नागरिकता प्राप्त गरेपछि नेपाल नागरिकता ऐन अनुसार उनको नेपाली नागरिकता कायम रहेको थिएन।

२०७१ जेठ २२ मा उनी अमेरिकी राहदानी प्रयोग गरेर पहिलोपटक गैर पर्यटक (नाता) भिसामा नेपाल आए र पुनः विदेश गएका उनी दोस्रोपटक २०७२ वैशाख २८ मा नेपाल आए।

त्यसको १६ औं दिनमा उनले कायम नरहेको पुरानो नेपाली नागरिकता प्रयोग गरेर नेपाली राहदानी बनाए। तर, नेपाली राहदानी बनाएपछि पनि उनी अमेरिकी पासपोर्ट नै प्रयोग गरेर विदेश आउजाउ गरेको अध्यागमनको रेकर्डमा देखिन्छ। उनले न्यूज २४ मा काम सुरु गरे।

नाता भिसा (वर्क परमिट लिन नमिल्ने प्रकृतिको भिसा) मा नेपाल आएका उनले के कानुनी आधारमा काम गरिरहेका छन् भन्ने प्रश्न उठ्यो। त्यो प्रश्न बढ्दै जाँदा लामिछानेले २०७५ जेठ ४ मा नेपालस्थित अमेरिकी दूतावासमा अमेरिकी नागरिकता र राहदानी त्याग गर्न निवेदन दिए। यो प्रक्रिया पूरा नहुँदै उनले अध्यागमन विभागमा आफूले अमेरिकी नागरिकता र राहदानी त्यागेको सूचना २०७५ असार ६ मा दिए।

त्यतिन्जेलसम्म उनले नागरिकता त्याग गर्न चाहेको निवेदनलाई अमेरिकाले स्वीकार गरेकै थिएनन्। त्याग गर्ने प्रक्रिया सुरु मात्र गरेको अवस्थामा पनि लामिछानेले अध्यागमन विभागमा आफूले त्याग गरिसकेको भन्ने व्यहोराको लिखित निवेदन दिएका थिए। त्यसको ८ दिनपछि मात्रै अमेरिकाको स्टेट डिपार्टमेन्टले लामिछानेको नागरिकता त्याग गर्ने निवेदनलाई स्वीकार गऱ्यो। त्यसपछि भने लामिछानेले आफूले अमेरिकी नागरिकता त्याग गरेको विवरण गृह मन्त्रालय मातहतका निकायहरूमा पेस गरेका थिएनन।

यसैबीचमा २०७९ असार १७ मा लामिछानेले आफूले २०५० सालमै निकालेको नेपाली नागरिकता गलत प्रयोग गरी राष्ट्रिय स्वतन्त्र पार्टी दर्ता गराएर असोज २३ मा उनले प्रतिनिधिसभा निर्वाचनका लागि चितवन-२ बाट उम्मेदवारी दर्ता गराए।

अमेरिकी नागरिकता लिइसकेपछि उनको नेपाली नागरिकता कायम नरहेको र पुनः नेपाली नागरिकता प्राप्त नगरी उनी निर्वाचनमा प्रतिस्पर्धा गर्न अयोग्य भएको भन्दै कात्तिक २८ मा निर्वाचन आयोगमा उजुरी पऱ्यो। आयोगले समयमा निर्णय नगर्दा उनी मंसिर ९ गते विजयी भयो।

निर्वाचन आयोग विरुद्ध चौतर्फि आलोचना हुन थालेपछि आयोगले मंसिर १३ मा उक्त उजुरी आफ्नो क्षेत्राधिकारमा नपर्ने भन्दै तामेलीमा राख्ने निर्णय गऱ्यो। त्यसपछि अधिवक्ताहरू बसौला र पौडेले रिट लिएर मंसिर २८ मा सर्वोच्च अदालत पुगे। त्यही निवेदनमाथि बुधबारबाट संवैधानिक इजलासमा पूर्ण सुनुवाइ सुरु भएको थियो।

# मधेस प्रदेशको बालसुधार गृहमा समस्या

वीरगञ्ज, १३ माघ

क्षमताभन्दा बढी बालबालिका र आवश्यक पूर्वाधारको अभावमा पर्साको वीरगञ्जस्थित मधेस प्रदेशको एकमात्र बालसुधार गृहमा समस्या भएको छ। न्यून भौतिक पूर्वाधार, बजेट अभाव, सरकारी उदासिनता र क्षमताभन्दा बढी बालक र किशोरलाई कोचर राख्नुपर्ने बाध्यताका कारण प्रदेशको एकमात्र बालसुधार गृह समस्यामा परेको हो। साठी जनाको क्षमता भएको सुधारगृहमा एक सय २७ बालक तथा किशोरलाई कोचेर राखिएको छ। त्यहाँ रहेका बालक तथा किशोरमा स्वास्थ्य समस्या बल्झिनाका साथै व्यवस्थापन मिलाउनसमेत कठिन भइरहेको सुधारगृहका प्रमुख टीकाकृष्ण काफ्लेले जानकारी दिए। क्षमताभन्दा बढी बालक र किशोरलाई कोचेर राख्नुपर्दा उनीहरुमा श्वासप्रवास, ज्वरो र छालासम्बन्धी रोगको सङ्क्रमण देखिन थालेको छ, उनले भने, चिसो मौसम भएकाले थोरै मात्र बालक र किशोरमा स्वास्थ्य समस्या देखिएको अब गर्मी सुरु भएलगत्तै सङ्क्रमण बढ्न थाल्छ तर उचारका लागि पहिलाझै अहिले पनि वार्षिक रु दुई लाख मात्र उपलब्ध भइरहेकाले खर्च पुऱ्याउन कठिन भइरहेको छ।

ठाउँ अभावका कारण उक्त गृहमा बालबालिका उकुसमुकुसका सार्थ दैनिक जीवन यापन गर्न बाध्य छन्। एउटै कोठाभित्र धेरै जनालाई कोचर राख्नुपर्दा स्वास्थ्यलगायत समस्या भइरहेको गुनासो बढेको छ। धेरैजना कोचाकोच गरिबस्दा अक्सिजनको मात्रा घटेर कतिपयमा खुट्टा सुनिने र श्वासप्रश्वासको समस्या हुने गरेको गृहमा कार्यरत स्टापनर्स अन्जु कुमारीले बताए।

बिरामीलाई पहिला हामी गृहभित्रै उपचार गर्छौं, उनले भने, स्वास्थ्य जटिल हुँदैगए थप उपचारका लागि वीरगञ्जस्थित जनारायणी उपक्षेत्रीय अस्पतालमा लैजान्छौं। जाडो याममा भन्दा गर्मी याममा स्वास्थ्य समस्या बढी हुने स्टापनर्स अन्जुको भनाइ थियो। ठाउँ साँघुरो भएकाले गृहमा रहेका बालक र किशोरलाई चेस, क्यारेमबोर्ड बाहेक अन्य खेल खेल्न समस्या छ। हामीसँग फुटबल, भलिबललगायत खेलकुद खेल्ने ठाउँ छैन, त्यसैले अहिले चेस र क्यारेमबोर्ड मात्र खेल्न दिइएको छ। हामीले चाहेर पनि ठाउँ नभएर बालक र किशोरलाई फुटबल, भलिबल खेल्न दिन सकेका छैनौँ उनले भने।

करिब डेढ कट्ठा जमिनमा फैलिएको सो सुधारगृहमा साना र ठूला गरी ११ कोठा छन्। साना कोठामा १२ देखि १४ जना र ठूलोमा ३१ जनासम्मलाई कोचेर राखिएको छ। कानुनी विवादमा फसेका पर्सादेखि सप्तरिसम्मका अदालतबाट पुर्पक्ष तथा कैद सजायका लागि उक्त सुधार गृहमा बालक र किशोरलाई पठाइएका हुन्। तत्कालीन अनाथालय भवनलाई गत २०७५ भदौमा बालसुधार गृहको रुपमा सञ्चालन गरिएको हो। सो गृहमा हाल आश्रितमध्ये ४१ जबर्जस्ती करणीका, २० लागुऔषध मुद्दाका, १० सवारी ज्यान मुद्दाका र सातजना अपहरण तथा शरीरबन्धक मुद्दाका छन्। यसैगरी चोरी, कर्तव्य ज्यान, मानव बेचबिखन तथा ओसार पसार, खोटा चलन, नागरिकता किर्ते उद्योग र बालविवाह मुद्दाका पनि छन्। बालबालिकाको मुद्दा अधिकतम एक सय २० दिनमा फैसला गरिनुपर्ने व्यवस्था ऐनमा रहे पनि लामो समयसम्म फैसला नहुँदा सुधार गृहमा क्षमताभन्दा बढी बालक तथा किशोर रहेको प्रमुख काफ्लेले बताए।

कूल आश्रितमध्ये डेढ दर्जनको मात्रै मुद्दा फैसला भएको र बाँकी पुर्पक्षमै रहेको उनले बताए। काठमाडौँ र पोखरामा रहेका बाल सुधारगृहमा विद्यालय, र अस्पतालको पनि सुविधा भए पनि यहाँ भने त्यस्तो सुविधा नभएकाले समस्या भइरहेको प्रमुख काफ्लेले बताए। सुधारगृहमा रहेका बालक र किशोरको मानसिक र शैक्षिक विकासका लागि गृहभित्रै पुस्तकालय तथा मनोरञ्ज कक्षसमेत सञ्चालन गरिएको छ तर झन्झटिलो कानुनी व्यवस्थाका कारण गृह सञ्चालनका लागि धेरै निकायसँग समन्वय गर्नुपर्ने बाध्यताका कारण थप समस्या भइरहेको उनको गुनासो थियो। सङ्घीय सरकार मातहत रहेको बालसुधार गृहमा देखिएको समस्या समधानका लागि सरकारले समयमै ध्यान दिनुपर्ने वीरगञ्जका बुद्धिजीवी बेचन साहको भनाइ थियो। बालसुधार गृह अहिले यातना गृहजस्तै बन्न थालेको छ, उनले भने, यो एकदमै दुःखद् कुरा हो, यसको सुधारमा सरकारले ध्यान दिनुपर्छ।रासस

## प्रदेश सरकारका दुई मन्त्रीले ...........

गराउन हरदम तयार रहने छु।'

मन्त्री कुशवाहाले वीरगञ्जमा व्यापक मल रहेको कुरा आफूलाई थाहा भएको र सो मल प्रदेशभरिका किसानलाई उपलब्ध गराउनका लागि पहल सुरु गरेको समेत बताए। पदभार ग्रहण गर्दै मन्त्री कुशवाहाले किसानलाई मल उपलब्ध गराउनु आफ्नो पहिलो प्राथमिकता रहने बताए। यसअघि कुशवाहालाई सामाजिक विकास मन्त्रालय दिने सहमति भएको थियो। तर अन्तिम समयमा आएर उनलाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिइएको हो। सामाजिक विकास मन्त्रालयमा अन्य सत्ता साझेदार दलहरुले समेत अडान नछोडेपछि अन्ततः यो मन्त्रालयको जिम्मेवारी कुशवाहालाई दिइएको हो।

जसपाबाट अर्थ मन्त्रालयका जिम्मेवारी पाएका संजय यादवले पदभार ग्रहण गरेको छैन। मुख्यमन्त्री सरोजकुमार यादवसँगै पुस २९ गते विनाविभागीय मन्त्रीको रुपमा शपथ लिएका मन्त्री कुशवाहाले यसअघि समाजिक विकास मन्त्रालय पाउने पक्कापक्की भएकोले सोहि अनुसार उनी क्वाटर पनि प्रयोग गर्न थालेका थिए।

## लामिछानेलाई पक्राउ .............

नागरिकका रुपमा पासपोर्ट बनाई नेपाल आएपछि अमेरिकी पासपोर्ट र नागरिकता त्याग नगरी २७ मे २०१५ मा नेपालबाटै अर्को नागरिकता बनाएका थिए। सोही सम्बन्धमा प्रहरीले अनुसन्धान गरिरहेको छ।

सन् २०१५ मा रवि लामिछाने अमेरिकी नागरिक रहेकै समयमा झूठो विवरण पेश गरी नेपाली राहदानी प्राप्त गरेको कारण सोही दफा अनुसार फौजदारी कसुरमा अनुसन्धान र सजाय हुन सक्नेछ। नेपाल नागरिकता ऐन, २०६३ को दफा २१ मा यस्तो व्यवस्था रहेको छ।

नागरिकता ऐन, २०६३ को दफा २१ को उपदफा (१) मा कुनै विदेशीले नेपाली नागरिक भएको दावी गरी झुठो विवरण दिई नेपाली नागरिकता प्राप्त गरेमा एक वर्ष देखि पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। झुठो विवरण दिई नागरिकता प्राप्त गरे बापत यस उपदफा बमोजिम सजाय भएमा त्यसरी प्राप्त गरेको नागरिकता स्वतः रद्द हुनेछ।'

सोही दफाको उपदफा ३ मा 'कसैले नेपाली नागरिकताको झुठो वा किर्ते प्रमाणपत्र खडा गरेमा वा बनाई प्रचलनमा ल्याएमा त्यस्तो कार्य गर्ने, गराउने व्यक्तिलाई एक वर्ष देखि पाँच वर्षसम्म कैद वा बीस हजार देखि एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ' भन्ने

# मनरासिस्वा नगरपालिकामा मदिरा प्रतिबन्ध



जलेश्वर, १३ माघ

महोत्तरी जिल्लाको मनरासिस्वा नगरपालिकाले नगरक्षेत्रमा मदिरा प्रतिबन्ध लगाएको छ। नगरभित्र मदिरा उत्पादन, सङ्कलन, भण्डारण तथा बिक्री वितरणमा रोक लगाइएको हो।

मनरासिस्वा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत माधवेन्द्र चौधरीका अनुसार पालिकाका भारतीय सीमासँग जोडिएका वडा नं २, ३, ५, ८, ९ र १० को सम्पूर्ण क्षेत्रमा पूर्णरुपमा मदिरा उत्पादन, सङ्कलन, भण्डारण तथा बिक्री वितरणमा रोक लगाइएको छ। उनका अनुसार वडा नं १, ४, ६ र ७ मा भने सार्वजनिक तथा सरकारी कार्यालय, शैक्षिक र स्वास्थ्य संस्था एवं मठ मन्दिरदेखि तीन सय मिटर क्षेत्रमा मदिरा रोक लगाइएको हो।

नगरपालिकाले मदिरा प्रतिबन्ध लगाउनु अघि गत पुस ३० मा दशौँ नगरसभाबाट मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७९ पारित गरेको थियो। सोही ऐनको दफा ५ को उपदफा ६ बमोजिम नगरक्षेत्रभित्र तोकिएका छ वटा वडामा पूर्णरुपमा मन्दिरा बन्देज गरिएको हो भने चार वटा वडाको निर्धारित सीमाभन्दा बाहिर मात्रै मदिरा उत्पादन तथा बिक्री वितरण गर्न पाइनेछ। सामाजिक सदभाव, सु-स्वास्थ्य, आर्थिक हित तथा सम्भावित आपराधिक घटनालाई नियन्त्रण गर्ने उद्देश्यले मदिरा प्रतिबन्ध गरिएको नगरपालिकाको भनाइ छ।

नगरपालिकाले जारी गरेको मदिरा सम्बन्धी ऐनमा उल्लेखित मापदण्ड अपनाउन मदिरा व्यवसायीलाई माघ ९ देखि १५ दिनको अल्टिमेटम दिएको छ। नियम विपरीत काम गर्नेलाई ऐनको दफा ११, १२ र १३ बमोजिम कानूनी कारबाही गरिने प्रमुख प्रशासकीय अधिकृत चौधरीले जानकारी दिए।रासस

# बारामा एक लाख २१ हजार मेट्रिक टन आलु उत्पादन



कलैया, १२ माघ

बारामा यस वर्ष कृषकले विभिन्न जातको आलुखेती गरी कुल एक लाख २१ हजार ६२ दशमलव पाँच मेट्रिक टन आलु उत्पादन गरेका छन्।

आलुखेतीका लागि मौसम अनुकूल भएको तथा शीतलहरबाट बचाउन कृषकले समय-समयमा औषधि छरेका कारण गत वर्षको तुलनामा यस वर्ष आलु उत्पादनमा वृद्धि भएको भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकृत रामअसिस ठाकुरले जानकारी दिए।

यस वर्ष आलु उत्पादनमा शुन्य दशमलव २५ प्रतिशतले वृद्धि भएको छ। कृषकले विभिन्न जातका आलु सात हजार चार सय ५० हेक्टर क्षेत्रफलमा खेती गरी प्रतिहेक्टर १६ दशमलव २५ मेट्रिक टनको दरले रु दुई अर्ब ४२ करोड १२ लाख ५० हजार मेट्रिक टन आलु उत्पादन भएको उनले जानकारी दिए।

कलैया बजारमा अहिले आलु प्रतिकिलो रु २० देखि रु २५ मा बिक्री वितरण भइरहेको छ। गत वर्ष कृषकले विभिन्न जातका आलु सात हजार चार सय २० हेक्टर क्षेत्रफलमा खेती गरी प्रतिहेक्टर १६ मेट्रिक टनका दरले रु दुई अर्ब ३७ करोड ४४ लाख बराबरको आलु उत्पादन गरेका थिए। एक लाख १८ हजार सात सय २० मेट्रिक टन आलु उत्पादन भएको केन्द्रले जनाएको छ।रासस


## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ। त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं।*

- ☞ शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं।
- ☞ बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं।
- ☞ आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- ☞ तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं।
- ☞ स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- ☞ सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं।
- ☞ आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं।

**सबैला नगरपालिका**
धनुषा, मधेश प्रदेश



जनवरी २६, २०२३ मा इजिप्टको काइरोको दक्षिणी भागमा रहेको सक्कारा नेक्रोपोलिसमा रहेको पुरातात्विक उत्खनन स्थलमा मानिसहरू काम गर्छन् । इजिप्टका प्रख्यात पुरातत्वविद् जाही हवासले बिहीबार "४३०० वर्ष पुरानो ममीको मेजबानी गर्ने महत्वपूर्ण चिहानहरू" पत्ता लागेको घोषणा गरे । गीजा को पिरामिड नजिकै क्बत्रत्रबचब नेक्रोपोलिस मा । *(सिन्ह्वा/अहमद गोमा)*

# इरानद्वारा तीन हजार अफगान शरणार्थी फर्काइए



काबुल , १३ माघ

इस्लाम काला र पुले अब्रिशुम सीमाहरू हुँदै हाल इरानबाट तीन हजार भन्दा बढी अफगान शरणार्थीहरूलाई देश निकाला गरिएको खामा प्रेसले जनाएको छ ।

अफगान शरणार्थीहरूको बलपूर्वक निर्वासन र हिरासत राख्ने क्रम जारी रहेको जनाइएको छ । हालै तीन हजार एक सय २३ अफगान आप्रवासीहरूलाई इरानबाट निष्कासित गरिएको थियो ।

तालिबान नेतृत्वमा अफगानिस्तानको शरणार्थीहरुलाई स्वदेश फिर्ता गरिरहेको शरणार्थी मन्त्रालयले जनाएको छ । मन्त्रालयले जनवरी २४ र २५ मा क्रमशः ३ हजार एक सय २३ अफगानी आप्रवासीलाई इरानबाट निकालिएको घोषणा गरेको छ ।

इरानमा पछिल्लो समय अफगान नागरिकलाई हिरासतमा राखेर जबरजस्ती अफगानिस्तान पठाइएको छ । धेरै अफगानहरूले आफ्नो जीवनको चिन्ता र डरलाग्दो आर्थिक अवस्थाको कारण देश छोडेका थिए । इरानमा हाल ४० लाखभन्दा बढी अफगानीहरू बसोबास गरिरहेका देशको विदेश मन्त्रालयले जनाएको छ ।

इरानबाट फर्केका शरणार्थीहरु हेरात र निमरुज प्रान्तहरू हुँदै अफगानिस्तान प्रवेश गरेका तालिबान अधिकारीहरूले जनाएका छन् । इरानी अधिकारीहरूलाई अफगान शरणार्थीहरूसँग शिष्ट व्यवहार गर्न आग्रह गरिएको छ ।

गत वर्ष अगस्टमा अफगानिस्तानमा तालिबानले नियन्त्रण लिएपछि हजारौं अफगानीहरू तालिबानको सत्ताका कारण मृत्युको डरले देश छोडेर भागेका थिए ।

पाकिस्तान तालिबानले पुनः नियन्त्रणमा लिएपछि अफगानिस्तानसँग सीमा जोडिएका दुई राष्ट्र इरान र पाकिस्तानमा ठूलो संख्यामा बसाइँसराइको लहर चलेको खामा प्रेसले जनाएको छ । (रासस/एएनआई)

# २०२४ को यू-१९ विश्वकपमा छनोट हुने नेपालको लक्ष्य

१३ माघ, काठमाडौं । माघको चिसो दिनमा पनि काठमाडौंको कीर्तिपुरस्थिति त्रिवि क्रिकेट मैदानमा यू-१९ क्रिकेटरले पसिना बगाइरहेका छन् ।

फेब्रुअरी २४ देखि यूएईमा हुने आइसीसी विश्वकपको एसियन छनोटको तयारीका लागि उनीहरुले पसिना बगाएका हुन् ।

सन् २०२४ मा श्रीलंकामा हुने यू-१९ विश्वकपको छनोट खेल्नका लागि नेपाली टिमले एसियन क्वालिफायर्समा पाँच प्रतिस्पर्धीलाई पछि पारेर छनोट प्रतियोगिता जित्नु पर्नेछ । ७ पटक यू-१९ विश्वकप खेलेको नेपाल सन् २०१६ यता यू-१९ विश्वकपका लागि छनोट हुन सकेको छैन ।

पछिल्ला ३ वटा विश्वकप गुमाएको नेपाली यू-१९ टिमले यसपालि भने जसरी पनि विश्वकप खेल्ने लक्ष्य छ । त्यसैले प्रशिक्षक जगत टमटाले युवा खेलाडीलाई सिनियर खेलाडीसँग ४ अभ्यास खेल खेलाइ सकेका छन् । उनले अहिले दिनमा ३/३ घण्टाको दुई सेसन गरेर अभ्यास गराइरहेका छन् ।

टमटा भन्छन्, 'यू-१९ टिमले मेरो करियरमा नै पहिलो पटक सिनियर टिमसँग ४ वटा अभ्यास खेल खेल्यो, जुन निकै सहयोगी रह्यो ।' मिलेसम्म खेलाडीलाई वैदेशिक प्रशिक्षणमा लैजान उनले नेपाल क्रिकेट संघ क्यानसँग छलफल पनि गरिरहेका छन् । टमटाकै प्रशिक्षणमा नेपाली यू-१९ टिमले सन् २०१६ मा विश्वकप खेलेको थियो । उनी भन्छन्, 'यसपालिको र २०१६ को टिममा खासै फरक छैन । त्यो बेलामा पनि धेरै नयाँ खेलाडीसँग नै खेलेका थियौं । यो पटक पनि नयाँ केटाहरु धेरै छन् ।'

नेपाली क्रिकेटमा सदाबहार प्रशिक्षक भनेर चिनिएका जगत टमटाले यू-१६ को टिमदेखि नै प्रशिक्षण दिएका खेलाडी समेत यो टोलीमा छन् ।



प्रशिक्षक टमटा भन्छन्, 'नयाँ खेलाडी धेरै छन् । जसमा प्रदेश तथा जिल्लामा खेलेका खेलाडी छन् । सुरुमा २८ जना खेलाडी थिए । जोसँग हामीले मुलपानी मैदानमा ५ वटा अभ्यास खेल खेल्यौं । अहिले ती मध्ये छानिएर १८ खेलाडीसँग ४ वटा अभ्यास खेल खेल्यौं । यसले खेलाडीहरुलाई धेरै सिक्ने मौका मिलेको छ । उनीहरुको मनोबल पनि बढेको छ ।'

प्रशिक्षणका लागि लामो समय भएका कारण नयाँ खेलाडीका गल्ती सुधार्ने मौका टिमसँग छ ।

यू-१९ टिममा आएका हरेक खेलाडी भर्खर क्षेत्रीय स्तरबाट खेलेका अथवा केहीले खेलमा नै राम्रो गरेर आएका छन् । खेलाडीको क्षमताको आधारमा हेर्ने भने २ जना सिनियर टिमका खेलाडी पनि रहेको यो टिम मध्यमस्तरको टिम हो ।

शिक्षक जगत टमटा भन्छन्, 'टिम सन्तुलित छ । तुलनात्मक हिसाबले हेर्ने हो भने तीव्र गतिको बलिङ हाम्रो बलियो पक्ष हो, तर तर ब्याटिङ स्किल पनि राम्रो छ । यसरी हेर्दा सुधार्नु पर्ने पक्ष फिल्डिङ हो ।' लामो बन्द प्रशिक्षण हुँदा हरेकले आफूलाई सुधार्दै लगेको प्रशिक्षक टमटाको भनाइ छ । सिनियर टिममा खेलिसकेका देव खनाल र गुल्सन झा पनि यो टोलीमा छन् । उनीहरु पनि पटक यू-१९ विश्वकप २०२४ खेल्नेमा विश्वस्त देखिन्छन् ।

देवले माथिल्लो क्रमको ब्याटिङ सम्हाल्ने जिम्मा पाउनेछन् । भने गुल्सनको जिम्मामा बलिङ र तल्लो क्रमको ब्याटिङ हुनेछ ।

राष्ट्रिय टिमको समेत अनुभव लिइसकेका यी दुई खेलाडीको भूमिकाले यो टिम निकै बलियो हुनेछ ।

प्रशिक्षक टमटा पनि यी दुईबाट निकै अपेक्षा राख्छन् । यी दुई खेलाडी पनि टिममा सिनियर खेलाडीको रुपमा आफ्नो जिम्मेवारीमा धेरै रहेको बताउँछन् ।

पछिल्लो समय नेपालले देव खनालको कप्तानीमा यू-१९ को छनोट खेलेको थियो । यस पटक भने टिमको कप्तानको टुङ्गो लागि सकेको छैन ।

नेपालको तीव्र गतिको बलिङ सम्हाल्न राष्टिय प्रतियोगितामा अनुभव लिइसकेका हेमन्त धामी, दुर्गेश गुप्ता र गुलसन रहनेछन्, भने स्पिनमा मिलन बोहरा र दिपेश कँडेल छन् । अफस्पिनमा गण्डकीका सुवास भण्डारी लगायत २ देखि ३ जना छन् ।

ओपनिङमा एकदिवसीयमा टिकेर खेल्ने ब्याटर हुन अर्जुन कुमाल त्यसबाहेक देव आफैं पनि ओपनिङ अर्डरको ब्याटिङ सम्हाल्ने जिम्मेवारीमा रहनेछन् ।

नेपालका लागि खेलिसकेका तथा पछिल्लो पटक उदयीमान खेलाडीका रुपमा रहेका देव भन्छन्, 'हाम्रो मुख्य लक्ष्य नै २०२४ को विश्वकप खेल्ने हो । टिम पनि राम्रो छ । हामी प्रोसेसमा अगाडि बढेका छौं । समय पनि छ । आशा छ हामी राम्रो क्रिकेट खेलेर जितेर आउनेछौं ।'

उनले नेपालको ब्याटिङको जिम्मा हुनेछ । सिनियर खेलाडीको रुपमा अन्य जुनियरलाई सम्हाल्ने मौका पनि हुनेछ ।

त्यस्तै नेपालको लागि गुल्सन अलराउण्डरको रुपमा प्रदर्शन गर्न सक्ने खेलाडी हुन् । उनले पछिल्लो समय तल्लो क्रमको ब्याटिङमा राम्रो प्रदर्शन गर्दै आइरहेका छन् । साथै तीव्र गतिको बलिङमा पनि उनको भूमिका टिमलाई विकेट दिलाउने हुनेछ ।

उनी भन्छन्, 'सकेसम्म आफ्नो वेष्ट दिएर टिमलाई जिताउने प्रयास गर्नेछु ।'

उनी पनि टिमले विश्वकप खेल्नेमा विश्वस्त देखिन्छन्, 'टिम राम्रो छ । म र देव सिनियर खेलाडी भएकाले हामीमा बढी जिम्मेवारी हुनेछ । हाम्रो प्रयास २०२४ को यू-१९ विश्वकप खेल्ने रहनेछ ।

नेपालले आगामी मार्च १ बाट यूएईमा ५ प्रतिस्पर्धी सहित एसियन छनोटको खेल खेल्ने तालिका सार्वजनिक भइसकेको छ । डिभिजन १ छनोटमा नेपाल, युएई, हङकङ, कुवेत, मलेसिया र सिंगापुरबीच प्रतिस्पर्धा हुनेछ ।

विजेता टोलीले २०२४ मा श्रीलंकामा हुने यू-१९ विश्वकप खेल्न पाउनेछ । अनलाईन खवर

# आप्रवासनलाई व्यवस्थित गर्नुपर्नेमा युरोपियन मन्त्रीहरुको चासो



स्टकहोम, १३ माघ

युरोपियन युनियनआबद्ध मन्त्रीहरुले नागरिकहरुको अवैध रुपमा हुने गरेको आप्रवासनलाई व्यवस्थित गर्नुपर्ने बताएका छन् । उनीहरुले युरोपका देशहरुमा अन्य देशबाट आएका आप्रवासीहरुको अवस्था निकै अव्यवस्थित रहेकाले यस विषयमा सोच्नुपर्ने बताएका हुन् । स्टकहोममा भएको युरोपियन युनियनका गृह तथा न्याय मन्त्रीहरुको बैठकमा सो विषयमा छलफल भएको बताइएको छ ।उनीहरुले विभिन्न समस्याका कारण अन्य देशहरुबाट युरोपियन युनियनका देशमा आप्रवासीहरु छिर्ने गरेका र उनीहरु निकै असुरक्षित रुपमा छिर्ने गरेका पनि देखिएकाले ती नागरिकको सुरक्षा तथा सुरक्षित रुपमा स्वदेश फिर्ताका लागि पहल हुनुपर्नेमा जोड दिएका हुन् ।

उनीहरु युरोप छिर्ने र यी देशहरुमा शरण माग्ने गरेका र उनीहरुलाई अफ्ना देशमा फिर्ता गर्नका लागि विभिन्न खालका समस्या रहेका पनि मन्त्रीहरुले बताएका छन् । यसका लागि युरोपका देशहरु तयार भएपनि उनीहरुलाई शरण दिने र यहाँका देशमा बसोबासका लागि आवश्यक मात्रामा सहयोग गर्ने काम निकै नै चुनौतीपूर्ण देखिएको ती मन्त्रीहरुको निष्कर्ष थियो ।

सो बैठकमा ती नागरिकहरुमध्ये धेरैजसो शरणार्थीका रुपमा युरोपेली देशहरुमा प्रवेश गर्ने गरेकाले उनीहरुका सम्बन्धित देशका साथै युरोपका सबै देशले आपसमा समन्वय गर्नुपर्ने पनि सो बैठकमा सहमति भएको थियो ।

पछिल्ला वर्षहरु तेस्रो देशमा जारी विभिन्न समस्या एवं युद्धका कारण शरणार्थीका रुपमा युरोप छिर्ने व्यक्तिहरुको संख्या बढ्दै गएको देखिएको छ । रासस/सिन्ह्वा

# आँधीबाट १६ को मृत्यु, १९ बेपत्ता



अन्टानानारिभो, १३ माघ

माडागास्करमा आँधीबाट कम्तीमा पनि १६ जनाको ज्यान गएको शुक्रबार बताइएको छ । त्यहाँ आँधीमा परेर कम्तीमा पनि १६ जनाको ज्यान गएको र अरु १९ जना हाराएका सो समाचारमा जनाइएको छ ।प्राप्त समाचार अनुसा माडागाकस्करको सेनेसो क्षेत्रमा केही दिनदेखि आँधी आएको छ ।

सो आँधीमा परेर बिहीबार सम्ममा १६ जनाको ज्यान गएको छ भने अरु १९ जना हराएका छन् ।

यहाँको प्राकृतिक प्रकोप व्यवस्थापन केन्द्रकाअनुसार अहिले पनि आँधीको त्रास हुनसक्ने भन्दै सर्वसाधारणलाई सतर्कता अपनाउन भनिएको छ । सो केन्द्रले यहाँका ५५ हजार जना भन्दा बढी नागरिक आँधीबाट प्रभावित भएका छन् ।

उनीहरुमध्ये २५ हजार जनाभन्दा बढीलाई घरबाट अन्यत्रै सारिएको छ भने अरु केहीलाई सतर्क रहन भनिएको छ ।

यहाँका अधिकारीहरुले प्रकोपमा परेर १३ हजार घरमा बाढी पसेको छ भने अरु पाँच सय घर बाढीले बगाएको बताएका छन् । (रासस/सिन्ह्वा)

# इराकमा चौध जनालाई मृत्युदण्ड



बगदाद, १३

इराकी अदालतले यहाँका कम्तीमा पनि १४ जना आतङ्ककारीलाई मृत्युदण्डको सजायँ सुनाएको छ । ती व्यक्ति नागरिकको आमहत्यामा संलग्न रहेको पाइएको थियो । नागरिक हत्यामा संलग्न पाइएको भन्दै यहाँको एक अदालतले ती १४ जनालाई मृत्युदण्डको सजायँ बिहीबार सुनाएको हो । सन् २०१४ मा इराकको टिक्रिट सहरमा आइएस आतङ्ककारीहरुले कब्जा गर्ने प्रयास गरेका थिए । त्यसक्रममा कम्तीमा पनि एक हजार ७०० जना इराकी सैनिक मारिएका थिए ।

यसरी आम रुपमा मारिएका ती सैनिकको हत्यामा संलग्नताको पुष्टि भएपछि उनीहरुलाई मृत्युदण्डको सजायँ सुनाइएको हो । इराकी सहर टिक्रिटलाई कब्जा गर्ने क्रममा आइएसले सो समयमा यहाँका सैनिकमाथि धावा बोलेका थिए । उनीहरुले ड्युटीमा रहेका सैनिकमाथि हमला गरेका थिए । ती भिडियोहरु सो समयमा पनि सार्वजनिक भएका थिए । ती सैनिकको हत्यामा संलग्नको खोजी यहाँको सेनाले लामो समयदेखि गरिरहेको थियो । (रासस/सिन्हवा)


## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- ☞ शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- ☞ बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- ☞ आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- ☞ तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- ☞ स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- ☞ सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- ☞ आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

**धनुषाधाम नगरपालिका**
धनुषा, मधेश प्रदेश



महावाणिज्य दूतावासद्वारा विरगंज स्थित होटल क्लार्क रिसोर्टमा आयोजित तीन दिने कार्यक्रम अन्तर्गत दोश्रो दिन गरिएको कार्यक्रमको दृश्य *तस्बिर : मधेशदृष्टि*

# चर्को ब्याजदरका कारण उद्योगी व्यवसायीहरु मर्कामा : सांसद यादव

मधेशदृष्टि
वीरगंज, १३ माघ।

पूर्व वनमन्त्री एवम पर्सा क्षेत्र नम्बर १ का सांसद प्रदिप यादवले बैंकहरुको चर्को ब्याजदरका कारण उद्योगी व्यवसायीहरु मर्कामा परेको बताएका छन । रुंगटा वेलफेयर सोसाईटीको ११ औँ वार्षीकोत्सव अवसरमा शुक्रवार वीरगंजमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै सांसद यादवले उद्योगी व्यापारीहरुले ७ प्रतिशतमा लिएको ऋण १ वर्ष भित्रमा बैंकहरुले १५ प्रतिशतसम्म पुऱ्याएको हुँदा यसबाट उद्योगीहरुको ढाड सेक्ने काम भईरहेको बताए। उनले सरकारको गलत नीतिकै कारण युवाहरु विदेश पलायन हुनुपर्ने अवस्था आएको बताए । यसैगरी पूर्व वनमन्त्री समेत रहेका यादवले मानव सेवा नै धर्म हो भन्ने उदेश्यले रुंगटा वेलफेयर सोसाईटीले गर्दै आएको कार्य प्रशंसनीय रहेको बताए । बार्षीकोत्सव




कार्यक्रममा शुभकामना दिदै अन्य वक्ताहरुले संस्थाले गर्दै आएको कार्यको प्रशंसा गरेका थिए । सोही अवसरमा सोसाईटीले आफ्नो ११ औँ वार्षीकोत्सवको अवसरमा १४ वटा सामुदायीक विधालयलाई १ सय थान पंखा वितरण गर्नुका साथै सोही विधालयमा अध्यन्नरत विधार्थीहरुका लागि १ हजार थान स्कूल ब्याग, १ सय दर्जन कापी उपलब्ध गराएको छ। यसैगरी निःशुल्क कृतिम हात जडानका लागि रोट्री क्लबलाई १ लाख ४० हजार रुपैयाँको चेक हस्तान्तरण गरेको छ । यस्तै उपकार सेवा संस्थालाई ५ थान ह्वील चेयर प्रदान गरेको छ।

कार्यक्रममा वीरगंज महानगरपालिका वडा नम्बर ५ का वडा अध्यक्ष प्रदिप चौरसिया, वडा नम्बर ६ का अध्यक्ष जय प्रकाश साह, वीरगंज उद्योग वाणिय संघका अध्यक्ष सुबोध गुप्ता, पूर्व अध्यक्ष गोपाल केडिया, वरिष्ठ उद्योगी अशोक वैद्य, सुरेश रुंगटा लगायतको उपस्थिति रहेको थियो। रुंगटा वेलफेयर सोसाईटीका अध्यक्ष अध्यक्ष मुरलीधर रुंगटाको अध्यक्षतामा सम्पन्न कार्याक्रममा धन्यावाद ज्ञापन आकाश रुंगटाले गरेका थिए।

# कृषि औजार कारखानाको निरिक्षण

प्रतिनिधीसभा पर्सा क्षेत्र नम्बर १ का सांसद प्रदिप यादवले शुक्रवार कृषि औजार कारखानाको स्थलगत निरिक्षण गरेका छन। शुक्रवार कारखानाको निरिक्षण गर्दै सांसद यादवले आफनो निर्वाचन क्षेत्र भित्र पर्ने कृषि औज़ार कारख़ाना एक वर्षभित्र सञ्चालनमा ल्याउने लक्ष्यका कारखानाको मर्मत सम्भारको जिम्मा लिएका राष्ट्रिय आविष्कार केन्द्रका महावीर पुनसँग भेटघाट समेत गरेका थिए।

सांसद यादवले कारखानामा हालसम्म भएको प्रगतीको बारेमा जानकारी लिएका छन । शुक्रवार दिउँसो कृषि औजार कारखानामा पुगेर त्यहाँ भइरहेको मर्मतसम्भारको कामको निरक्षण गर्नुका साथै महावीर पुनसँग कारखाना संचालनका लागि गर्नु पर्ने कामको सम्बन्धमा जानकारी लिएका छन। राष्ट्रिय आविष्कार केन्द्रका महावीर पुन सहितको टोलीले दिनरात खटेर अहिले कारखानाको मर्मत सम्भारमा काम गरिरहेको र कामको प्रगति हेर्दा १ बर्ष भित्रमै संचालनमा आउने अवस्था आफूले देखेको सांसद यादवले बताए । सो अवसरमा सांसद यादवले कारखानामा काम गर्ने सिलसिलामा आउन सक्ने कुनैपनि समस्याका बारेमा आफूलाई जानकारी गराउन आग्रह गर्दै कारखानाले विगतमा तिर्न बाँकी रहेको बिजुलीको बक्यौता मिनाह गराउनेदेखि यसलाई पूर्ण रुपले सञ्चालनमा ल्याउन आवश्यक बजेट व्यवस्थापनका लागि नेपाल सरकारसँग पहल गर्ने प्रतिबद्धता व्यक्त गरे।

# ठोरीको सिंहेडाँडामा ५८ वर्षपछि खानेपानी पुग्दा स्थानियवासिन्दा खुशी



मधेशदृष्टि
वीरगञ्ज/१३ माघ।

पर्साको ठोरी गाउँपालिका वडा नम्बर १ सिंहे डाँडामा बस्ती बसेको ५८ वर्षपछी खानेपानीको सुबिधा पुगेको छ।

लामो समयदेखि खोला तथा भ्ष्ण्डै १ किलोमिटर पैदल हिडेर पानी लिन ईनारमा पुग्न बाध्य सिंहे डाडाका स्थानीय बासिन्दाहरुले बस्तीमा खाने पानीको धारा पुगेसंगै परिवर्तनको महसुस गरेको स्थानीय दिलबहादुर कुँवरले बताए । झिसमिसे अध्यारोमा गाग्री बोकेर जंगल र झाडीको बाटो हुदै खोला नजिकको कुँवामा पानी बोकेर जीवन धानेको ५८ बर्ष पछि बस्तीमा धारा पुगेपछि आफू हर्षीत भएको कुवरले बताए।

देशमा पंचायती व्यवस्था हुदै प्रजातन्त्र, लोकतान्त्रीक संघीय गणतन्त्र आएको पनि धेरै बर्ष भयो तर त्यसको अनुभूति आफूहरुलाई नभएको र जहिलेपनि खानेपानीकै चिन्ताले पिरोलिएको अवस्थामा अब यो समस्याबाट मुक्ती पाएपछि आफूहरुलाई ठूलै कुरा पाएको महसुस भएको कुँवरले बताए।

सिंहे डाँडाको इतिहास २०२१ साल देखि जोडिएको छ।

त्यस क्षेत्रमा बसोबास गर्ने १८ घर मध्ये खानेपानीको अभावकै कारण ९ घर त्यहाँबाट केही बर्ष पहिलेनै विस्थापित भएका थिए। अहिले सिंहे डाँडामा ९ घर मात्र छन्।

उनीहरुलाई खानेपानीको जोहो गर्न झण्डै १ कीलोमिटर ओरालो-उकालो बाटो तयगरेपछि मात्र घरमा पानी ल्याउन सकिन्थ्यो । खानेपानीको समस्याले बर्सौं देखि सताई रहेको थियो सिंहे डाँडाका बस्तीलाई।

ठोरी गाउँपालिकाले आफ्नो बजेटबाट इनारमा मोटर जडान गरी सिंहे डाँडामा टंयाकी निर्माण गरेर पानीको धारा जडान गरेपछि स्थानीय बासिन्दामा खुसी छाएको छ।

पानीको लागि जंगली जनावरको शिकार हुने हो कि भन्ने पीडाले जीवन भर पिरल्थ्यो अब यसबाट मुक्ति पाएको कुँवरले बताउनुभयो । ठोरी गाउँपालिकाले ७ लाखको लागतमा सिंहे डाँडा, तीनघरे होमस्टे र वरपिपल टोलमा खानेपानी पुऱ्याएको छ।

ठोरी गाउँपालिकाले मोटर जडान गरी सिंहे डाडा भन्दा तल रहेको बस्तीको इनारबाट पानी डाँडामा रहेको ट्यांकीसम्म पुर्याएपछि त्यस क्षेत्रका बासिन्दालाई खानेपानी उपलब्ध भएको ठोरी गाउँपालिकाकी उपाध्यक्ष गोकुली कुमारी रेग्मीले बताए।

उपाध्यक्ष रेग्मीले आफू केटाकेटी भएको समय देखिनै सिंहे डाँडाका वासिन्दाले पानीको लागि गरेको संघर्ष देख्दै आएको बताउदै मोटरले माथि पानी फाल्न सक्ने हो की होईन भन्ने चिन्ता लागे कै बेला अन्तत योजना सफल भएकोमा खुसी व्यक्त गर्नुभयो।

पानी पाएपछि सिंहे डाडाका बासिन्दाले ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठसहितका जनप्रतिनिधिलाई फुलमाला अभिर लगाएर स्वागत गरेका छन्।

# आसिफलाई अवार्ड

मधेशदृष्टि
वीरगञ्ज, १३ माघ।

नेपाली राष्ट्रिय क्रिकेट टोलीका ओपनर बीरगंजवासी आसिफ शेखले आईसीसी स्प्रिट अफ क्रिकेट अवार्ड प्राप्त गरेका छन्।

आईसीसीले आसिफलाई स्पिरिट अफ क्रिकेट अवार्ड अर्थात् उच्च खेल भावना अवार्ड प्रदान गरेको जनाएको छ। गएको वर्ष फागुनमा ओमानमा भएको चार देश सम्मिलित टी-२० अन्तर्राष्ट्रिय श्रृ लामा आयरल्यान्डसँगको खेलमा देखाएको खेल भावनाले आसिफले यो अवार्ड जितेका हुन्।

आयरल्यान्डका एन्डी म्याकबर्नी रन लिने क्रममा मैदानमा लड्न पुगेपछि आसिफले रन आउट गरेका थिएनन्। यो खेलमा देखिएको उच्च खेल भावनाको यस वर्ष सर्वाधिक चर्चा र प्रशंसा भएको थियो। आसिफ वीरगञ्ज निवासी हुन्।

# पत्रकारद्वयको १३ औं पुण्य तिथीमा श्रद्धाञ्जली सभा

मधेशदृष्टि
वीरगञ्ज, १३ माघ।

पोखरामा भएको यति एयरलायन्सको विमान दुर्घटनामा परी मृत्यु भएका पत्रकार त्रिभुवन पौडेल र अनिल शाहीको सम्झनामा शुक्रवार वीरगञ्जमा श्रद्धाञ्जली सभाको आयोजना गरिएको छ।

मृत्यु भएका पत्रकार पौडेल र साहीको १३ औं दिनको पुण्य तिथिमा प्रेस सेन्टर नेपाल जिल्ला समन्वय समिति पर्साले नेपाल पत्रकार महासंघ पर्सा शाखाको सभाहलमा श्रद्धाञ्जली सभाको आयोजना गरेको थियो।

श्रद्धान्जली सभालाई सम्बोधन गर्दै पत्रकारका अगुवाहरुले पौडेल र साहीको निधनले पत्रकारिता क्षेत्रमा अपुरणीय क्षति पुगेको भन्दै दुःख व्यक्त गरेका थिए । वक्ताहरुले उर्जाशील पत्रकारद्वयको निधनले पत्रकारिता जगत नै शोकमा डुबेको हुँदा अब शोकलाई शक्तिमा बदलेर मृतकहरुले देखेको सपनालाई पुरा गर्नुपर्ने कुरामा जोड दिएका थिए।

श्रद्धाञ्जली सभामा प्रेस सेन्टर नेपालका उपाध्यक्ष गोविद देवकोटा, नेपाल पत्रकार



महासघंका सचिव दिपेन्द्र चौहान र केन्द्रिय सदस्य केसि लामिछाने लगायतका वक्ताहरुले पत्रकारिता जगतमा त्रिभुवन र अनिलले पुऱ्याएको योगदानको चर्चा गरेका थिए।

त्रिभुवन प्रेस सेन्टर नेपालको उपाध्यक्ष र गण्डकी प्रदेशको इन्चार्ज थिए। प्रेस सेन्टर नेपाल जिल्ला समन्वय समिति पर्साका अध्यक्ष दिपक गौतमको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमको संचालन सेन्टरका सचिव शिवनाथ यादवले गरेका थिए।

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रमावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं।

**विदेह नगरपालिका**
धनुषा, मधेश प्रदेश

## बिक्रीमा

११ x १६ अफसेट मशीन - १ थान (हामादा)
१५ x २० अफसेट मशीन - १ थान (डोमिनेट)
३६'' कट्टीङ्ग मशीन - १ थान
परफेट्टीङ्ग मशीन - १ थान
कम्प्यूटर सेट - १ थान

**सम्पर्क नं.:**
9854020791, 9854021791

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रमावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं।

**जनकनन्दनी गाउँपालिका**
धनुषा, मधेश प्रदेश

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल